# तेस्रो वार्षिक प्रतिवेदन

आ.व. २०७९/०८०

## प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

# तेस्रो वार्षिक प्रतिवेदन

## (आ.व.२०७९ /०८०)

## प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

# प्रदेश लोक सेवा आयोग


**सम्पर्कः**

प्रदेश लोक सेवा आयोग

**ठेगानाः**

मुस्ताङ चोक, पोखरा

**टेलिफोन नं.**

फोन नं. : ०६१-४६७८७३

**ई-मेलः**

gandakipsc2076@gmail .com

**वेवसाईटः**

http://ppsc .gandaki .gov .np

# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश, पोखरा

मितिः २०८०/०५/२५

**विषयः आयोगको तेस्रो वार्षिक प्रतिवेदन पेश गरिएको ।**

माननीय प्रदेश प्रमुखज्यू,
गण्डकी प्रदेश, पोखरा ।

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरेका काम-कारबाहीहरूको वार्षिक प्रतिवेदन पेश गरिएको छ ।

भवदीय,

**विष्णुप्रसाद नेपाल**
अध्यक्ष

**कल्पना लम्साल**
सदस्य

**योगेन्द्र गौचन**
सदस्य

**दामोदर सुवेदी**
निमित्त सचिव

# आयोगका पदाधिकारीहरू



विष्णुप्रसाद नेपाल
अध्यक्ष



कल्पना लम्साल
सदस्य



योगेन्द्र गौचन
सदस्य




दामोदर सुवेदी
निमित्त सचिव

# धन्यवाद ज्ञापन

आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक भौतिक, मानवीय, सूचना प्रविधि लगायतका श्रोत साधनको उपलब्धतालाई सहजीकरण गराइदिएकोमा आयोग प्रदेश सरकारप्रति धन्यवाद ज्ञापन गर्दछ। आयोगका कामकारवाहीमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सङ्घ, प्रदेश एवम् स्थानीय तह, सरकारी एवम् निजी क्षेत्रका विश्वविद्यालय, महाविद्यालय एवम् विद्यालयहरू, सुरक्षा निकायहरू र सम्बद्ध अन्य निकायहरू प्रति आयोग आभार प्रकट गर्दछ। साथै आयोगको कामको सिलसिलामा पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण एवम् परिमार्जन, उत्तरपुस्तिका परीक्षण, सामूहिक छलफल, शारीरिक तन्दुरुस्ती परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा उपस्थित भई सेवा प्रदान गर्नुहुने दक्ष/विशेषज्ञ र परीक्षा सञ्चालनमा सहयोग गर्नुहुने सबैप्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद व्यक्त गर्दछ।

# कार्यकारी सारांश





आयोगले स्थापना कालदेखि निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, स्वास्थ्य सेवा ऐन, २०५५ तथा नियमावली, २०५६, कर्मचारी समायोजन ऐन,२०७५ लगायतका कानुन बमोजिम प्रदेश र स्थानीय तहमा पदपूर्तिको कार्य गर्दै आएको थियो । गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी भएपछि विभिन्न सेवा समूहका न्यूनतम योग्यता तोकेर जारी हुनुपर्ने सम्बन्धित नियमावलीहरू जारी हुन नसक्दा आयोगले प्रकाशन गरेको आ.व. २०७९/८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका पूर्णतः कार्यान्वयन हुन सकेको थिएन । आ.व. २०७९/८० को सुरुमा अध्यादेश आउनुपूर्व स्वास्थ्यतर्फ नवौं र एघारौं तहको पदपूर्तिको काम सुरु गरिसकिएको थियो भने गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ जारी भएपछि तेस्रो चौमासिकमा आयोगले वार्षिक कार्यतालिका परिमार्जन गरी प्रदेशतर्फका केही पदहरूको मात्र पदपूर्ति गर्न सकियो भने स्थानीय सेवातर्फ स्थानीय सेवा नियमावली जारी हुन नसक्दा पदपूर्तिको कार्य प्रभावित रह्यो ।

आयोगले प्रतिवेदन अवधिसम्म विभिन्न तह, सेवा समूहका प्राविधिक र अप्राविधिकतर्फका तेस्रो तहदेखि एघारौं तहसम्म ८३ प्रकारका पदहरूको पाठ्यक्रम विकास एवम् परिमार्जन गरेको छ। आर्थिक वर्ष २०७९/८० मा बढुवातर्फ २६ वटा विज्ञापन, आन्तरिक प्रतिस्पर्धातर्फ तीन वटा विज्ञापन र खुला तर्फ ५१ वटा विज्ञापन गरी कुल ८० वटा विज्ञापन प्रकाशन भएका छन् । गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ जारी भएपश्चात् पहिलो पटक तेस्रो तहमा महिला, आ.ज., अपाङ्ग, थारु, दलित, मधेसी, मुस्लिम, आर्थिक रूपले विपन्न खस आर्यअन्तर्गतका आठ वटा समावेशी समूहमा नौ वटा विज्ञापन सङ्ख्याबाट १०० पद सङ्ख्याका लागि विज्ञापन प्रकाशन भएको छ। चौथो तहमा आन्तरिक प्रतिस्पर्धातर्फ गत आर्थिक वर्षमा प्रतिशत निर्धारण भएर विज्ञापन हुन बाँकी एक पद सङ्ख्याको विज्ञापन भई लिखित परीक्षासमेत सम्पन्न भएको छ।

प्रतिवेदन अवधिमा बढुवातर्फको विज्ञापनमा ३४ पद सङ्ख्याको लागि ४६ दरखास्त, आन्तरिक प्रतिस्पर्धातर्फको विज्ञापनमा चार पद सङ्ख्याको लागि १६ दरखास्त परेका छन् । त्यसैगरी खुलातर्फ एक सय ४४ पद सङ्ख्याका लागि १३ हजार चार सय ९० र समावेशी समूहतर्फ ९ हजार सात सय ४४ गरी २३ हजार दुई सय ३४ दरखास्त परेका छन्। खुला तथा समावेशीतर्फ सात, बढुवातर्फ सात र आन्तरिक प्रतिस्पर्धातर्फ एक विज्ञापनमा कुनै दरखास्त पर्न आएन ।

प्रतिशतको हिसाबले हेर्दा खुला प्रतियोगिता तर्फ ५८.२८ प्रतिशत र समावेशी समूहतर्फ ४१.७२ प्रतिशत दरखास्त परेको छ। जसमध्ये सबैभन्दा धेरै दरखास्त महिला समूहमा ११.५५ प्रतिशत र सबैभन्दा थोरै दरखास्त मुस्लिम समूहमा ०.२३ प्रतिशत रहेको छ। समावेशी समूहतर्फ महिलाको प्रतिस्पर्धात्मक क्षमतालाई विश्लेषण गर्दा अधिकतम सहभागिता आदिवासी जनजाति समूहमा र न्यूनतम् सहभागिता मुस्लिम समूहमा रहेको छ।

आयोगले सञ्चालन गरेको लिखित परीक्षाअन्तर्गत प्रदेशतर्फ स्वास्थ्य सेवाको एघारौं र नवौं तहका साथै कृषि सेवाको नवौं तह र प्रशासन सेवाको चौंथो तहको लिखित परीक्षा सञ्चालन भएको छ। साथै, प्रशासन सेवाका चौंथो तह र पाचौं तहका दुई सय ३ जना उमेदवारको कम्प्युटर सिप परीक्षण सञ्चालन भएको छ। आर्थिक वर्ष २०७९/८० मा स्वास्थ्य सेवाको सातौं तहका ३७ जना उमेदवारको सामूहिक छलफल परीक्षा सम्पन्न गरिएको छ। वन रक्षकतर्फ सात हजार २५ उमेदवारको शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा सम्पन्न भएको छ। नक्कली परीक्षार्थी खडा गरी आफ्नो परीक्षा दिन लगाउने तीन उमेदवार आयोगको कारवाहीमा परेका छन्।

प्रतिवेदन अवधिमा दक्ष/विशेषज्ञहरूबाट ३० हजार चार सय २६ विषयगत उत्तरपुस्तिकाहरू परीक्षण भएको छ। लिखित परीक्षामा सम्मिलित भएका मध्ये एक सय १५ महिला र दुई सय ६२ पुरुष गरी जम्मा तीन सय ७७ उमेदवार अन्तरवार्ताका लागि छनौट भएका थिए। यसरी छनौट भएका मध्ये कुल तीन सय २५ जना उमेदवारको अन्तरवार्ता सम्पन्न गरी ७७ महिला र १४० पुरुष सहित जम्मा २१७ जना उमेदवारलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ। साथै, विभिन्न सेवा समूहका एक सय ५८ जना वैकल्पिक उमेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्।

खुला समूहबाट १४६ जना उमेदवार सिफारिस हुँदा समावेशी समूहतर्फका विभिन्न क्लस्टरमा ४० जना महिला र ३० जना पुरुष गरी जम्मा ७० जना उमेदवार सिफारिस भएका छन्। समूहगत रूपमा हेर्दा महिला समूहतर्फ ३२, आदिवासी जनजाति समूहतर्फ ३३, मधेशीतर्फ ४ र दलिततर्फ एक जना उमेदवार सिफारिस भएका छन्। हालसम्म आयोगबाट कुल एक हजार चार सय एक जना उमेदवार स्थायी नियुक्तिको लागि सिफारिस भएका छन्। प्रदेश अन्तरगतका स्वास्थ्य संस्था र अस्पतालहरूमा सातौं तहदेखि एघारौं तहसम्मका वरिष्ठ विशेषज्ञ पदमा पदपूर्ति हुँदा स्वास्थ्य क्षेत्रको सुदृढीकरणमा थप योगदान पुगेको छ भन्ने विश्वास लिइएको छ।

कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन निर्माण गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्थाअन्तर्गत छ वटा विषयमा परामर्श प्रदान गरिएको छ। आयोगको नियमित कार्यक्रमअन्तर्गत तनहुँ, गोरखा, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), मनाङ, म्याग्दी र स्याङ्जा जिल्लाका प्रदेश स्तरका कार्यालय र स्थानीय तहमा अनुगमन तथा निरीक्षण गरिएको छ। आयोगको कार्यलाई व्यवस्थित तुल्याउन सवारी साधन, भवन, प्रयोगशाला, पुस्तकालय लगायत विभिन्न पूर्वाधारको व्यवस्था गर्ने क्रम जारी रहेको छ। आयोगबाट योग्य र सक्षम उमेदवार छनौटका लागि पाठ्यक्रममा समयसापेक्ष परिमार्जन गरी नवीनतम प्रविधि समावेश गरिंदै लगिएको छ। आयोगका क्रियाकलापहरूलाई थप सूचना प्रविधिमैत्री बनाउन दीर्घकालीन रणनीति तयार गरी अगाडि बढ्ने सोच लिइएको छ।

सङ्घीय संसदमा प्रस्तुत हुन गइरहेको सङ्घीय निजामती सेवा ऐनमा संविधानको भावना र मर्मअनुरूप सङ्घीय निजामती सेवाबाट प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत नखटाई प्रदेश निजामती सेवा ऐन बमोजिम त्यस्ता पदहरू प्रदेश निजामती सेवाको नै रहने व्यवस्था कार्यान्वयन हुनुपर्ने देखिन्छ। गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५९ मा रहेको बाधा अड्काउ परेमा ऐनको व्याख्या गर्ने अधिकार आयोगमा रहने व्यवस्था हुनुपर्ने देखिन्छ। प्रदेश निजामती सेवा र स्थानीय सेवामा प्रचलित कानुनबमोजिम रिक्त पदमा समयमा नै आयोगमा माग पठाई पदपूर्ति गर्नेतर्फ लागी करारमा कर्मचारी भर्ना गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ। प्रदेश तथा स्थानीय तहमा नयाँ सिर्जना तथा परिमार्जन भएका पदहरूको पद दर्ता गर्ने तथा आयोगबाट सिफारिस भएका कर्मचारीको सिटरोल दर्ता गर्ने कार्य अगाडि बढाई अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ। आयोगको आफ्नै जग्गा तथा भवन व्यवस्थापन गर्न प्रदेश सरकारबाट पहल हुनुपर्ने देखिन्छ।

# विषय-सूची

धन्यवाद ज्ञापन छ
कार्यकारी सारांश झ

परिच्छेद एक
आयोगको परिचय, गठन र कार्यक्षेत्र

१.१ पृष्ठभूमि १
१.२ गठन १
१.३ काम, कर्तव्य र अधिकार १
१.४ उद्देश्य र कार्यक्षेत्र २
१.५ आयोगका प्रमुख कार्यहरू ३
१.६ सिद्धान्त र मापदण्ड अवलम्बन ३
१.७ प्रतिवेदन ३

परिच्छेद दुई
आयोगका कार्य सम्पादनका आधारहरू

२.१ संस्थागत प्रबन्ध ४
२.२ कार्यसम्पादनका सिद्धान्तहरू ७
२.३ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह ८

परिच्छेद तीन
प्रशासनिक र वित्तीय/भौतिक प्रगति

३.१ बैठक तथा निर्णय १४
३.२ क्षमता विकास १४
३.३ बजेट निकासा र खर्च १४
३.४ राजश्व र धरौटी १५
३.५ विज्ञापन भएको पद सङ्ख्या, दरखास्त र राजश्वको तुलना १५
३.६ बेरुजु १६
३.७ निरीक्षण १६

परिच्छेद चार
परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

४.१ परीक्षण प्रविधि १७
४.२ पाठ्यक्रम निर्माण १७
४.३ शैक्षिक योग्यता सम्बन्धमा द्विविधा उपर आयोगबाट भएको निर्णय १८

परिच्छेद पाँच
विज्ञापन र दरखास्त

५.१ पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका १९
५.२ माग सङ्कलन १९
५.३ प्रतिशत निर्धारण २१
५.४ विज्ञापन प्रकाशन २१
५.५ दरखास्त २३

## परिच्छेद छ
## परीक्षा र परीक्षण


६.१ प्रश्नपत्र निर्माण र परिमार्जन ३२
६.२ लिखित परीक्षा सञ्चालन र व्यवस्थापन ३३
६.३ उत्तरपुस्तिका साङ्केतीकरण ३४
६.४ लिखित परीक्षा नतिजा ३५
६.५ शारीरिक तन्दुरुस्ती परीक्षण ३७
६.६ प्रयोगात्मक परीक्षा र सिप परीक्षण ३७
६.७ सामूहिक परीक्षण ३८
६.८ शारीरिक तन्दुरुस्ती परीक्षणमा अनियमितता गर्ने उमेदवारलाई गरिएको कारवाही ३८


## परिच्छेद सात
## अन्तर्वार्ता तथा सिफारिस


७.१ अन्तर्वार्ता ३९
७.२ सिफारिस ३९
७.३ वैकल्पिक उमेदवार सिफारिस ४९
७.४ माग पदको तुलनामा सिफारिस ५०


## परिच्छेद आठ
## समावेशी पदपूर्ति


८.१ समावेशी समूहतर्फ विज्ञापन ५२
८.२ समावेशी विज्ञापनमा दरखास्त सङ्ख्या ५३
८.३ समावेशी समूहतर्फ सिफारिसको अवस्था ५३


## परिच्छेद नौ
## उजुरी, परामर्श र प्रतिरक्षा


९.१ उजुरी ५६
९.२ परामर्श ५६
९.३ प्रतिरक्षा ५७


## परिच्छेद दश
## साङ्गठनिक सुधार र नवप्रवर्तन


१०.१ रणनीतिक योजना निर्माण ५८
१०.२ सेवाग्राही र विज्ञहरूको सङ्लग्नता अभिवृद्धि ५८
१०.३ संस्थागत क्षमता अभिवृद्धि ५८
१०.४ पूर्वाधार विकास ५८
१०.५ व्यवस्थापकीय विषयहरूमा सुधार ५८
१०.६ लोक सेवा आयोगहरूको सम्मेलन ५९
१०.७ सिफारिस भएका उमेदवारहरूको अभिमुखीकरण ५९
१०.८ प्रगति समीक्षा कार्यक्रम ५९
१०.९ अन्तरक्रिया, अभिमुखीकरण र निरीक्षण कार्यक्रम ६०
१०.१० दोस्रो वार्षिकोत्सव ६१

## परिच्छेद एघार
## ध्यानाकर्षण, सुझाव र भावी योजना

११.१ ध्यानाकर्षण ६२
११.२ सुझाव ६३
११.३ भावी योजना तथा कार्यक्रम ६३

## अनुसूची १

आ.ब. २०७९/८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ६५

## अनुसूची २

आ.ब. २०७९/८० को पदपूर्ति सम्बन्धी संशोधित वार्षिक कार्यतालिका ६८

## अनुसूची ३

लोक सेवा आयोगहरुको तेस्रो राष्ट्रिय सम्मेलनको घोषणा पत्र ६९

## अनुसूची ४

आयोगका गतिविधिका तस्विरहरु ७०

## तालिका सूची

तालिका नं. १- आयोगको दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्वन्धी विवरण ५
तालिका नं. २- कार्यविभाजन सम्बन्धी विवरण ६
तालिका नं. ३- विषयगत आधारमा आयोगका निर्णयहरूको विवरण १४
तालिका नं. ४- विनियोजित बजेट, निकासा र खर्च १५
तालिका नं. ५- दरखास्त सङ्कलन तथा अन्य कार्यबाट सङ्कलित राजश्व र धरौटी १५
तालिका नं. ६- दरखास्त र राजश्वको स्थिति १६
तालिका नं. ७- बेरुजु फर्छ्यौटको स्थिति १६
तालिका नं. ८- पाठ्यक्रम निर्माण तथा परिमार्जन सम्बन्धी विवरण १७
तालिका नं. ९- प्रदेश तर्फको माग सङ्कलन विवरण २०
तालिका नं. १०- स्थानीय तह तर्फको माग सङ्कलन विवरण २०
तालिका नं. ११- विज्ञापनको विवरण २१
तालिका नं. १२- खुला तथा समावेशी र आ.प्र तर्फका विज्ञापनको विवरण २२
तालिका नं. १३- बढुवातर्फ विज्ञापन गरिएको पद सङ्ख्या (प्रदेशतर्फ) २३
तालिका नं. १४- प्रदेशको बढुवातर्फ विज्ञापित पद सङ्ख्या र दरखास्तको विवरण (आ.व. २०७९/८०) २४
तालिका नं. १५- प्रदेशको बढुवातर्फको विज्ञापनमा सेवा र पदको तहगत दरखास्त (आ.व. २०७९/८०) २४
तालिका नं. १६- प्रदेशको आन्तरिक प्रतिस्पर्धातर्फ दरखास्तको विवरण (आ.व. २०७९/८०) २५
तालिका नं. १७- प्रदेश तर्फ खुला तथा समावेशी विज्ञापनमा दरखास्त सङ्ख्या (आ.व. २०७९/८०) २५
तालिका नं. १८- प्रदेश तर्फ खुला तथा समावेशी समूहमा दरखास्त नपरेका विज्ञापनहरू (आ.व. २०७९/८०) २५
तालिका नं. १९- प्रदेशको बढुवातर्फ दरखास्त नपरेका विज्ञापनहरू (आ.व. २०७९/८०) २६
तालिका नं. २०- प्रदेशको आन्तरिक प्रतिस्पर्धा तर्फ दरखास्त नपरेका विज्ञापनहरू (आ.व. २०७९/८०) २७
तालिका नं. २१- प्रदेश र स्थानीयतर्फ दरखास्त स्वीकृतिको विवरण २७
तालिका नं. २२- दरखास्तको समावेशी विवरण (आ.व. २०७९/८०) २८
तालिका नं. २३- भौगोलिक आधारमा दरखास्तको विवरण २९
तालिका नं. २४- प्रदेशगत आधारमा दरखास्तको विवरण २९
तालिका नं. २५- अधिक दरखास्त परेका जिल्लाको जिल्लागत विवरण ३०

तालिका नं. २६- गण्डकी प्रदेशको जिल्लागत दरखास्तको विवरण ३१
तालिका नं. २७- दक्ष वा विशेषज्ञबाट कच्चा प्रश्नपत्र सङ्कलन विवरण ३२
तालिका नं. २८- लिखित परीक्षामा सम्मिलित उमेदवार विवरण ३३
तालिका नं. २९- वन रक्षकको शारीरिक तन्दुरुस्ती परीक्षणमा सम्मिलित उमेदवार विवरण ३४
तालिका नं. ३०- परीक्षार्थीको लैङ्गिक अवस्था ३४
तालिका नं. ३१- उत्तरपुस्तिका साङ्केतिकरण ३५
तालिका नं. ३२- उत्तरपुस्तिका परीक्षण विवरण ३५
तालिका नं. ३३- लिखित परीक्षा नतिजा तयारी ३६
तालिका नं ३४- लिखित परीक्षा नतिजा प्रकाशन ३६
तालिका नं. ३५- शारीरिक तन्दुरुस्ती परीक्षण ३७
तालिका नं. ३६- प्रयोगात्मक परीक्षा र सिप परीक्षणमा सहभागी उमेदवार सङ्ख्या ३८
तालिका नं. ३७- शारीरिक तन्दुरुस्ती परीक्षणमा अनियमितता गर्ने उमेदवारलाई गरिएको कारवाही ३८
तालिका नं. ३८- अन्तर्वार्तामा सहभागी उमेदवारको विवरण ३९
तालिका नं. ३९- सिफारिस उमेदवारको विवरण ४०
तालिका ४०- प्रदेश र स्थानीय तहमा सिफारिसको अवस्था ४०
तालिका नं. ४१- विज्ञापनको प्रकार अनुसार तहगत सिफारिसको अवस्था ४१
तालिका नं. ४२- सेवागत सिफारिस विवरण ४१
तालिका नं.४३- स्थानीय तहगत सिफारिसको अवस्था ४२
तालिका नं. ४४- माग नभई सिफारिस हुन नसकेका स्थानीय तहहरू ४५
तालिका नं. ४५- सिफारिस उमेदवारको भौगोलिक विवरण ४६
तालिका नं. ४६- सिफारिस हुने उमेदवारको प्रादेशिक विवरण ४५
तालिका नं. ४७- सिफारिस उमेदवारको जिल्लागत विवरण ४७
तालिका नं.४८- बैकल्पिक उमेदवार सिफारिस विवरण ५०
तालिका नं. ४९- माग र पदपूर्ति ५१
तालिका नं. ५०- समावेशी समूहगत विज्ञापनको विवरण ५२
तालिका नं. ५१- समावेशी विज्ञापनमा दरखास्त सङ्ख्या (आ.ब. २०७९/८०) ५३
तालिका नं. ५२- समावेशी समूहगत सिफारिस विवरण ५३
तालिका नं. ५३- परामर्श ५६
तालिका नं. ५४- प्रतिरक्षा ५७
तालिका नं. ५५- निरीक्षण गरिएका स्थानीय तहहरू ६०
तालिका नं. ५६- अन्तरक्रिया तथा अभिमुखीकरण गरिएका जिल्लाहरू ६०

## चित्र सूची

चित्र नं.: १- सङ्गठन संरचना ५
चित्र नं.: २- पदपूर्ति सम्बन्धी कार्यप्रवाह ९
चित्र नं. ३- दरखास्तको समावेशी विवरण (आ.व. २०७९/८०) २८
चित्र नं. ४- समावेशी समूहमा महिला सिफारिसको अवस्था ५४
चित्र नं. ५- दलित समूहमा महिला सिफारिसको अवस्था ५४
चित्र नं. ६- आदिवासी/जनजाति समूहमा महिला सिफारिसको अवस्था ५५
चित्र नं. ७- मधेशी समूहमा महिला सिफारिसको अवस्था ५५

परिच्छेद एक

# आयोगको परिचय, गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र सङ्घीय संसदले कानुन बनाइ आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उमेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को कार्यान्वयनका लागि आयोग गठन भएको छ। वि.सं. २००८ सालमा लोक सेवा आयोग गठन भएपश्चात् उक्त आयोगले विकास एवम् अवलम्बन गर्दै आएको अभ्यास, विधि र मापदण्डलाई समेत आधार मानी यस आयोगले कार्यसम्पादन गर्दै आएको छ।

## १.२ गठन

क) नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा भएको व्यवस्था अनुसार गण्डकी प्रदेश सभाबाट पारित गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयनमा रहेको छ।

ख) यस आयोगमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने प्रावधान छ।

ग) आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बिस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुने व्यवस्था छ।

## १.३ काम, कर्तव्य र अधिकार

१.३.१ प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उमेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

१.३.२ प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

१.३.३ प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

१.३.४ प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्शविना स्थायी नियुक्ति गरिने छैन।

१.३.५ देहायको विषयमा आयोगको परामर्श लिनुपर्नेछ।

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी

कानुनको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उमेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उमेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

१.३.६ आयोगले संविधान, प्रदेश लोक सेवा आयोग ऐन र सो ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार तोकिए बमोजिमको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी अध्यक्ष, कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१.३.७ प्रकरण १.३.६ बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

१.३.८ आयोगको अन्य काम, कर्तव्य र अधिकार नियमावली, निर्देशिका, कार्यविधिहरू र लोक सेवा आयोगले अवलम्वन गरेका मूल्य मान्यता र अभ्यासबमोजिम हुनेछन् ।

१.३.९ आयोगले सम्पादन गर्नुपर्ने कार्यहरूको लागि निर्देशिका, कार्यविधिहरू र मापदण्डहरू आवश्यकताअनुसार निर्माण तथा संशोधन गर्न सक्नेछ ।

### १.४ उद्देश्य र कार्यक्षेत्र

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उमेदवार छनौटमा योग्यता, स्वच्छता, निष्पक्षता, समान अवसर, समावेशिता र गोपनीयता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रदेश लोक सेवा आयोगको प्रमुख उद्देश्य रहेको छ ।

उक्त उद्देश्य प्राप्तिका लागि आयोगले गण्डकी प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा मातहतका कार्यालय र कास्की, स्याङ्गजा, तनहूँ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ्ग, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी यस प्रदेशका ११ जिल्लाका १ महानगरपालिका, २६ नगरपालिका र ५८ वटा गाउँपालिका गरी जम्मा ८५ वटा स्थानीय तहहरू यसको कार्यक्षेत्र भित्र पर्दछन् । आयोगले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको

अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाका सेवामा रिक्त हुन आएका विभिन्न पदहरूको स्थायी पदपूर्तिको लागि सिफारिस गर्दछ। आयोगको कार्यालय पोखरा महानगरपालिका वडा नं. १७ मुस्ताङ चोकमा रहेको छ र आवश्यकताको आधारमा शाखा कार्यालय/सेवा केन्द्रहरू पनि विस्तार हुदै जानेछ।

### १.५ आयोगका प्रमुख कार्यहरू

आयोगले प्रदेश तथा स्थानीय तहहरूमा रिक्त हुन आएका विभिन्न सेवा, समूह, उप-समूहका विभिन्न पद पूर्तिको लागि देहाय बमोजिमका कार्यहरू गर्दछ।

१) दक्ष वा विशेषज्ञहरूको सूची सङ्कलन
२) पाठ्यक्रम तर्जुमा
३) बढुवा तथा प्रतियोगितात्मक परीक्षाका लागि प्रतिशत निर्धारण र विज्ञापन
४) प्रश्नपत्र तयारी र परिमार्जन
५) परीक्षा सञ्चालन
६) लिखित परीक्षा नतिजा तयारी र प्रकाशन
७) अन्तर्वार्ता तथा सिफारिस
८) बढुवाको उजुरी उपर निर्णय
९) अध्ययन, अनुसन्धान तथा अन्वेषण
१०) परामर्श प्रदान
११) सुझाव प्रदान
१२) समन्वय र सहयोग
१३) निरीक्षण र अनुगमन
१४) आयोग विरुद्ध दायर भएका रिट/निवेदनमा प्रतिरक्षा
१५) सामान्य सिद्धान्तको निर्धारण
१६) वार्षिक प्रतिवेदन पेश

### १.६ सिद्धान्त र मापदण्ड अवलम्बन

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उमेदवार छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले सङ्घीय कानुनबमोजिम अपनाएको अभ्यास, विधि र मापदण्डलाई आयोगले अवलम्बन गर्ने गरेको छ।

### १.७ प्रतिवेदन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० ले गरेको व्यवस्थाबमोजिम आयोगले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। आयोगले स्थापना कालदेखि नै वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेश गर्दै आएको छ।

परिच्छेद दुई

# आयोगका कार्य सम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्ध

नेपालको संविधानमा प्रदेश लोक सेवा आयोग गठनको व्यवस्था रहेकोमा सोहीबमोजिम आवश्यक कानुन निर्माण तथा कर्मचारी व्यवस्थापन गरी प्रदेश लोक सेवा आयोगको स्थापना, गठन र सञ्चालन भएको छ।

### २.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगसम्बन्धी व्यवस्था गरिएको छ। यसअनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र सङ्घीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ।


### २.१.२ कानुनी व्यवस्था

नेपालको संविधानको धारा २४४ को उपधारा (२) ले आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरेको छ। सोअनुसार गण्डकी प्रदेशको प्रदेश सभाबाट मिति २०७६।०४।२६ मा जारी भएको गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई कार्य सम्पादनको मुख्य कानुनी आधारको रूपमा अङ्गीकार गरिएको छ। कार्यसम्पादनको सिलसिलामा आधार मानिएका कानुन तथा सिद्धान्तहरू देहायअनुसारका रहेका छन्;

१. नेपालको संविधान
२. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
३. गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६
४. गण्डकी प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६
५. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९
६. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८०
७. प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७
८. गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८०
९. गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८०
१०. प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७८
११. प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८
१२. लोक सेवा आयोगले अवलम्वन गरेका सिद्धान्त, कार्यविधि, अभ्यास र मापदण्ड

### २.१.३ सङ्गठन संरचना

**क) सङ्गठन संरचनाः** आयोगको स्वीकृत सङ्गठन संरचना देहाय अनुसार रहेको छ।




*चित्र नं.: १*

**ख) दरबन्दी तेरिज र कार्यरत जनशक्तिः** आयोगको स्वीकृत सङ्गठन संरचनामा जम्मा ४९ दरबन्दी रहेकोमा प्रतिवेदन अवधिसम्म ४० पदपूर्ति भई ९ पद रिक्त रहेको अवस्था छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १**

**आयोगको दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्वन्धी विवरण**

| सि.नं | पद | श्रेणी/तह | स्वीकृत सङ्ख्या | कार्यरत सङ्ख्या |
|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम श्रेणी/अधिकृतस्तर ११/१२ तह | १ | १ |
| २ | उप- सचिव | रा.प. द्वितीय श्रेणी /अधिकृतस्तर ९/१० तह, प्रशासन | २ | २ |
| ३ | उप- सचिव | रा.प. द्वितीय श्रेणी /अधिकृतस्तर ९/१० तह, शिक्षा | १ | १ |
| ४ | उप- सचिव | रा.प. द्वितीय श्रेणी /अधिकृतस्तर ९/१० तह, कानुन. | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| ५ | शा.अ. | रा.प. तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह, प्रशासन | ४ | ४ |
| ६ | शा.अ. | रा.प. तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह, शिक्षा | १ | ९ |
| ७ | ले.अ. | रा.प. तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह, लेखा | १ | १ |
| ८ | क.ईन्जिनियर | रा.प. तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह, विविध | १ | ९ |
| ९ | कानुन अधिकृत | रा.प. तृतीय श्रेणी / अधिकृतस्तर ७/८ तह, कानुन | १ | १ |
| १० | अधिकृत | अधिकृतस्तर ६ तह, प्रशासन | ६ | ६ |
| ११ | अधिकृत | अधिकृतस्तर ६ तह, विविध | ३ | ३ |
| १२ | सहायक | सहायकस्तर ४/५ तह, प्रशासन | १० | ५ |
| १३ | कम्प्युटर अपरेटर | सहायकस्तर ४/५ तह, विविध | ३ | २ |
| १४ | सहायक | सहायकस्तर ४/५ तह, लेखा | १ | ९ |
| १५ | ह.स.चा. | श्रेणीविहिन (सेवा करारमा) | ६ | ६ |
| १६ | का.स. | श्रेणीविहिन (सेवा करारमा) | ७ | ७ |
| **जम्मा** | | | ४९ | ४० |

### २.१.४ आयोगका पदाधिकारीको कार्य विभाजन

आयोगको काम कारवाहीलाई व्यवस्थित गर्न गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को व्यवस्था अनुसार आयोगका पदाधिकारीको देहाय बमोजिम कार्य विभाजन गरी कार्यसम्पादन गरिँदै आएको छ।

**तालिका नं. २**

**कार्यविभाजन सम्बन्धी विवरण**

| क्र.सं | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १. | अध्यक्ष श्री विष्णुप्रसाद नेपाल | परीक्षा सञ्चालन तथा व्यवस्थापन |
| | | प्रश्नपत्र परिमार्जन |
| | | उत्तरपुस्तिका परीक्षण |
| | | बढुवा, उजुरी र विभागीय सजाय |
| | | कानुन र परामर्श प्रदान |
| | | अन्तर्वार्ता तथा सिफारिस |
| २. | सदस्य श्री कल्पना लम्साल | शैक्षिक योग्यता निर्धारण |
| | | परीक्षण प्रविधि र पाठ्यक्रम विकास (दक्ष वा विशेषज्ञ छनौट समेत) |
| | | अनुसन्धान तथा विकास |
| | | लिखित परीक्षा नतिजा प्रकाशन |
| | | आयोगका प्रकाशन/ विज्ञापन प्रकाशन, वार्षिक प्रतिवेदन र सूचना प्रविधि |

| | | |
|---|---|---|
| ३. | सदस्य श्री योगेन्द्र गौचन | दरखास्त व्यवस्थापन |
| | | दक्ष वा विशेषज्ञ सूची तयारी र अध्यावधिक |
| | | प्रतिशत निर्धारण |
| | | कच्चा प्रश्नपत्र सङ्कलन (दक्ष वा विशेषज्ञ छनौट समेत) |
| | | लिखित परीक्षा नतिजा तयारी |

## २.२ कार्यसम्पादनका सिद्धान्तहरू

संविधानले निर्दिष्ट गरेबमोजिम प्रदेश लोक सेवा आयोगको गठन भई आवश्यक नीति तथा कानुनका आधारमा सञ्चालन हुँदै आएको छ। आयोगले लोक सेवा आयोगले अवलम्बन गरेका अभ्यास, विधि र मापदण्डलाई मार्गनिर्देशक सिद्धान्त मानी आफ्ना काम कारवाही अगाडि बढाउँदै आएको छ।

### २.२.१ योग्यताको सिद्धान्त

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उमेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न सक्ने ज्ञान, सीप, मनोभावना आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उमेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान् हुने विश्वास गरिन्छ।

### २.२.२ निष्पक्षताको सिद्धान्त

आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन्। आयोगका निर्णय र परीक्षा सम्बन्धी काम कारवाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिँदैन।

### २.२.३ स्वच्छताको सिद्धान्त

आयोगका सम्पूर्ण काम कारवाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ।

### २.२.४ समान अवसरको सिद्धान्त

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ।

### २.२.५ समावेशिताको सिद्धान्त

पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीतिबमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उमेदवार बिच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ। अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको हुन्छ।

### २.२.६ द्विअन्ध सिद्धान्त

पदपूर्ति प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराईंदैन र जानकारी समेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो भन्ने जानकारी हुँदैन। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कस्को हो भन्ने बारेमा पूर्णतः अनविज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उमेदवारको लिखित परीक्षाको प्राप्ताङ्क बारेमा पूर्णतः अनविज्ञ रहन्छन्। त्यस्तै आयोगका हरेक महाशाखा/शाखाहरूलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन।

### २.२.७ परिचय शुन्यताको सिद्धान्त

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रिया मार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उमेदवारको परिचय अलग गरिन्छ।यसबाट उत्तरपुस्तिकाको निश्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षणपश्चात् बैयक्तिक पहिचान विहिन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियामा सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनौट हुने उमेदवारको बैयक्तिक पहिचान विसङ्केतीकरण (De–coding) प्रक्रियामार्फत पत्ता लगाइन्छ।

### २.२.८ असंलग्नताको सिद्धान्त

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशन सम्मको प्रक्रियाबाट अलग राखिन्छ, संलग्न गराईंदैन।


### २.२.९ गोपनीयताको सिद्धान्त

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता राख्दछ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ। आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ। यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथसाथै गुणस्तरीयता सुनिश्चित गरिन्छ।

## २.३ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उमेदवार छनौट गरी सिफारिस गर्दा आयोगले अवलम्बन गर्ने कार्य प्रक्रियालाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

### पदपूर्ति सम्बन्धी कार्यप्रवाह




*चित्र नं.: २*

माथिको चित्रमा प्रतिशत निर्धारण गर्दा बढुवातर्फ प्रतिशत निर्धारण भएका पदहरूमा आयोगमा प्राप्त दरखास्तहरू बढुवा समितिको सचिवालयमा पठाउने गरिन्छ। प्रदेश प्रहरी सेवाको पदमा प्रचलित कानुनबमोजिम विज्ञापनका लागि सहमति दिने र सो को लिखित परीक्षा सञ्चालन तथा लिखित परीक्षाको नतिजा प्रकाशन गरिन्छ।

### २.३.१ वार्षिक कार्यतालिका

आयोगले आर्थिक वर्ष सुरु भएको पहिलो दिन पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ। कार्यतालिकामा उक्त आर्थिक वर्षभित्र सञ्चालन गरिने पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्यहरू समावेश गरिएको हुन्छ।

### २.३.२ माग सङ्कलन र प्रतिशत निर्धारण

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ३ मा माग सङ्कलन सम्बन्धि व्यवस्था रहेको छ। प्रदेश निजामती सेवाको हकमा सेवा सञ्चालन गर्ने मन्त्रालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह खुल्ने गरी माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत पठाउनु पर्दछ भने स्थानीय तहहरूले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तहसमेत खुल्ने गरी माग आकृती फाराम भरी सिधै प्रदेश लोक सेवा आयोगमा पठाउनुपर्ने व्यवस्था गरिएको छ।

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ४ मा प्रतिशत निर्धारण सम्बन्धि व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ५ मा माग सङ्कलन र पदसङ्ख्या निर्धारणको व्यवस्था रहेकोमा सोहीबमोजिम मागका आधारमा प्रतिशत निर्धारण गरी खुला तथा समावेशी, अन्तरतह प्रतियोगिता, बढुवा, आन्तरिक प्रतियोगिताका पदहरूमा पद सङ्ख्या छुट्याइ लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन तथा बढुवा सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्दछ।

### २.३.३ पाठ्यक्रम निर्माण र परिमार्जन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ७ मा पाठ्यक्रम समिति र नियम ८ मा पाठ्यक्रम निर्माण प्रकृया सम्बन्धि व्यवस्था रहेको छ भने गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ८ मा पाठ्यक्रम निर्माण सम्बन्धी रहेको व्यवस्थाअनुरूप आयोगबाट लिइने प्रतियोगितात्मक परीक्षाका पाठ्यक्रममा पदपूर्ति हुने पदको कार्यविवरण, न्यूनतम शैक्षिक योग्यता र समसामयिक विषयवस्तु समेतलाई आधार लिई एकै प्रकार वा फरक फरक हुने गरी पाठ्यक्रम निर्धारण गरी आवश्यक पर्ने पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था रहेको छ।

### २.३.४ विज्ञापन प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ मा पदपूर्तिको विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ११ मा रहेको व्यवस्था अनुसार आयोगले विज्ञापन वा बढुवा सूचना प्रकाशन गर्नुभन्दा अगाडि आवश्यक देखिएमा सङ्कलन भएको रिक्त पद सङ्ख्या यकिन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र यसरी लेखी आएमा सम्बन्धित निकायले सात दिनभित्र यकिन विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था समेत रहेको छ।

प्रदेश प्रहरीको हकमा कार्य तालिकामा निर्धारित समयमा रिक्त पदको अवस्था सहित उक्त संस्थाको कानुनमा भएको पदपूर्तिसम्बन्धी व्यवस्थाअनुसार प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्नुपर्दछ।आयोगको सहमति प्राप्त भइसकेपछि संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। यस्तो विज्ञापन राष्ट्रिय दैनिक पत्रिका तथा आयोगको वेबसाइट र फेसबुक पेजमा समेत प्रकाशन गरिन्छ।

### २.३.५ दरखास्त सङ्कलन, छानविन एवम् स्वीकृति

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला तथा समावेशी, अन्तर तह र आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणाली मार्फत दरखास्त सङ्कलन गरिन्छ। गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम १४ मा दरखास्त फारम उपर छानविन गर्ने सम्बन्धि व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा १५ बमोजिम छानविन गरी प्राप्त भएका दरखास्त आयोगबाट तोकिएका कर्मचारीहरूबाट सोही निर्देशिकाको दफा १६ बमोजिम रुजु एवम् स्वीकृत गरिन्छ। बढुवातर्फका दरखास्त फाराम आयोगको कार्यालयमा नै बुझिलिइ प्रचलित कानुन बमोजिम तोकिएको बढुवा समितिको सचिवालयमा पठाइन्छ।

### २.३.६ स्वीकृत नामावली प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा १८ को व्यवस्था बमोजिम खुला तथा समावेशी, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी हुन दरखास्त दिने उमेदवारको दरखास्त स्वीकृत भएपछि अन्तिम नामावली प्रकाशन गरिन्छ।

### २.३.७ प्रश्नपत्र निर्माण र परिमार्जन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम १८ मा प्रश्नपत्रको निमार्ण गर्ने व्यवस्था तथा गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा २० को व्यवस्था बमोजिम विज्ञापित पदहरूको लिखित परीक्षा सञ्चालनका लागि सङ्केतका आधारमा सूचीकृत दक्ष वा विशेषज्ञहरूबाट तोकिएको पाठ्यक्रमका आधारमा कच्चा प्रश्नपत्र निर्माण गरिन्छ।

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा २६ बमोजिम आयोगका पदाधिकारीबाट परीक्षामा प्रयोग हुने प्रश्नपत्र परिमार्जन गर्ने, दक्ष वा विशेषज्ञ मनोनयन गराई गोप्य रूपमा आमन्त्रण गरी आवश्यक सङ्ख्यामा प्रश्नपत्र परिमार्जन गराई दक्ष वा विशेषज्ञबाट परिमार्जन भई भण्डारण भएका प्रश्नपत्र सिलबन्दी सेट मध्येबाट आयोगका अध्यक्षले तोकेको प्रश्नपत्र सेट गोप्य तरिकाबाट छपाई गरी लिखित परीक्षा सञ्चालनमा प्रयोग गरिन्छ।

### २.३.८ लिखित परीक्षा सञ्चालन र व्यवस्थापन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम २१ र गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ३१ मा परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी रहेको प्रावधान अनुसार परीक्षा केन्द्र निर्धारण गरी लिखित परीक्षा सञ्चालन गरिन्छ। उक्त लिखित परीक्षा सञ्चालनका लागि आयोगवाट जनशक्ति खटाउने लगायत आवश्यक व्यवस्थापन गरिन्छ। उक्त कार्यको आयोगका पदाधिकारीबाट निगरानी एवम् अन्य निकायबाट समेत सुपरिवेक्षण गर्ने व्यवस्था रहेको छ।

### २.३.९ उत्तरपुस्तिका साङ्केतीकरण

लिखित परीक्षावाट प्राप्त उत्तरपुस्तिकालाई गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ७ मा उत्तरपुस्तिका साङ्केतीकरण गर्ने व्यवस्था छ। लिखित परीक्षा सम्पन्न भएपश्चात् वस्तुगत र विषयगत उत्तरपुस्तिकाहरूमा आयोगको पदाधिकारीले तोकेको कर्मचारीले प्रथम र सचिवले तोकेको अधिकृत

कर्मचारीले दोश्रो सङ्केत नम्बर कायम गर्ने व्यवस्था रहेको छ । आयोगले परिपालना गर्ने द्विअन्धको सिद्धान्तअनुरूप प्रथम सङ्केत नम्बर राख्ने कार्यमा संलग्न रहेका कुनै पनि कर्मचारीलाई दोश्रो सङ्केत नम्बर राख्ने कार्यमा संलग्न गराइँदैन । बारकोड प्रयोग हुने Optical Mark Reader (OMR) उत्तरपुस्तिकाका हकमा उत्तर खण्ड र विवरण खण्ड विच्छेद गरी उत्तर खण्ड परीक्षणको लागि सम्बन्धित शाखामा पठाइन्छ भने विवरण खण्ड सिलबन्दी गरी सुरक्षित साथ सचिवलाई बुझाइन्छ ।

### २.३.१० उत्तरपुस्तिका परीक्षण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ५३ मा उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था रहेको छ । लिखित परीक्षामा वस्तुगत बहुउत्तर प्रश्न मात्र हुने उत्तरपुस्तिकाको हकमा एउटा मात्रै उत्तरपुस्तिका प्रयोग गरिन्छ । लिखित परीक्षामा विषयगत परीक्षा दिनुपर्ने एकभन्दा बढी खण्ड हुने प्रश्नको हकमा प्रत्येक खण्डका लागि फरक फरक उत्तरपुस्तिका प्रयोग गरिन्छ । प्रत्येक खण्डको फरक फरक विज्ञद्वारा आयोगको कार्यालयमा नै परीक्षण गराइन्छ र नवौं तह र सोभन्दा माथिल्ला पदका उत्तरपुस्तिकाहरू दोहोरो परीक्षण समेत गरिन्छ ।

### २.३.११ लिखित परीक्षा नतिजा तयारी

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ८ मा लिखित परीक्षाको नतिजा तयारीसम्बन्धी व्यवस्था रहेको छ । प्रदेश लोक सेवा आयोगमा सूचीकृत दक्ष वा विशेषज्ञवाट सम्बन्धित विषयका उत्तरपुस्तिका परीक्षण गराई उत्तीर्णाङ्क प्राप्त गर्ने उमेदवारहरूको दोस्रो सङ्केत/बारकोड नम्बरका आधारमा नतिजा प्रमाणित गरी दोस्रो सङ्केत/बारकोड नम्बर मात्र नतिजा प्रकाशन गर्न लिखित परीक्षा नतिजा तयारी शाखाबाट सम्बन्धित शाखामा पठाइन्छ ।

### २.३.१२ लिखित परीक्षा नतिजा प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ९ बमोजिम नतिजा तयारी शाखाबाट प्राप्त उत्तीर्ण उमेदवारहरूको दोस्रो सङ्केत/बारकोड नम्बरका आधारमा तयार भएको योग्यताक्रम सूची अनुसार उमेदवारहरूलाई क्रमशः खुला तथा समावेशी समूहअनुसार विसङ्केतीकरण गरी उमेदवारको विवरण पत्ता लगाइन्छ । अन्तर्वार्तामा छनौट भएका उमेदवारहरूको वर्णानुक्रमअनुसार रोल नं., नामथर, बाबु, बाजे र छनौट भएको समावेशी समूह राखी अन्तर्वार्ता कार्यक्रम सहित सूचना प्रकाशन गरिन्छ ।

### २.३.१३ प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सिप परीक्षण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ५९ बमोजिम पाठ्यक्रमको आधारमा आयोगको आफ्नै प्रयोगशालामा प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सिप परीक्षण सञ्चालन गर्ने गरिन्छ ।

### २.३.१४ सामूहिक छलफल, इन वास्केट एक्सरसाइज तथा मामिला प्रस्तुतीकरण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ६० बमोजिम प्रशासन सेवातर्फ नवौं तहको लागि इन बास्केट एक्सरसाइज तथा सातौं र आठौं तहका पदमा लिखित परीक्षावाट छनौट भएका उमेदवारहरूको लागि अन्तर्वार्ता अगाडि मूल्याङ्कन समितिले दिएको विषयवस्तुमा सामूहिक छलफल सञ्चालन गर्ने गरिन्छ । सामूहिक छलफलमा दिइएको विषयवस्तुमा सहभागीले छलफल एवम् विश्लेषण गरी प्रस्तुति गर्ने

गर्दछन् । समस्या पहिचान गर्न सक्ने क्षमता, समाधानका उपाय पत्ता लगाउने क्षमता, तार्किक क्षमता, मौलिकता र सृजनशीलता, व्यवहार, वौद्धिक क्षमता, निर्णय गर्न सक्ने क्षमता, नेतृत्व लिन सक्ने क्षमता र धैर्यता लगायतका विषयहरूलाई आधार मानी उमेदवारहरूको मूल्याङ्कन गरिन्छ ।

**२.३.१५ अन्तर्वार्ता र सिफारिस**

लिखित परीक्षाबाट छनौट हुने उमेदवारलाई गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३४ तथा गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ३५ बमोजिम अन्तर्वार्ताका लागि आयोगका अध्यक्ष वा निजले तोकेको सदस्य वा अन्य कुनै व्यक्तिको अध्यक्षतामा सम्बन्धित दक्ष वा विशेषज्ञ सम्मिलित अन्तर्वार्ता समिति गठन गरी उमेदवारहरूको अन्तर्वार्ता लिइने गरिएको छ । उक्त अन्तर्वार्ताको लागि पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम पूर्णाङ्क तोकिएको हुन्छ ।

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३५ बमोजिमको अन्तिम नतिजा प्रकाशन गर्ने र गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३६ बमोजिम नियुक्तिका लागि सिफारिस गर्ने सम्बन्धी गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ४० बमोजिम लिखित परीक्षाको कुल प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा वा सिप परीक्षण, सामुहिक छलफल र अन्तर्वार्तामा प्राप्त अङ्कको योगको आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उमेदवारलाई योग्यताक्रमको सूची तयार गरी सोही बमोजिम नियुक्तिका लागि सिफारिस गरिन्छ ।

परिच्छेद तीन

# प्रशासनिक र वित्तीय/भौतिक प्रगति

## ३.१ बैठक तथा निर्णय

प्रतिवेदन अवधिमा आयोगका २४ वटा बैठकबाट विभिन्न प्रकृतिका ३३ वटा निर्णय भएका छन् । निर्णय भएका विषयहरू र निर्णय सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

विषयगत आधारमा आयोगका निर्णयहरूको विवरण

| क्र.सं | निर्णयका विषयहरू | निर्णय सङ्ख्या | |
|---|---|---|---|
| | | आ.व. २०७८/७९ सम्म* | आ.व. २०७९/८० |
| १ | पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी | ५ | ५ |
| २ | परीक्षा, अन्तर्वार्ता र नतिजा | २४ | १० |
| ३ | विभागीय सजायको परामर्श | - | - |
| ४ | बढुवा सम्बन्धी | - | - |
| ५ | नीति नियम सम्बन्धी | ४ | ११ |
| ६ | शैक्षिक योग्यता | - | - |
| ७ | कार्य विभाजन | २ | - |
| ८ | दक्ष विज्ञको सूची | २ | - |
| ९ | निरीक्षण | २ | ४ |
| १० | विविध | १० | ३ |
| | **जम्मा** | ४९ | ३३ |

** आ.व.२०७७/७८ को चैत्र ११ देखि भएका बैठकलाई समेत आ.व. २०७८/७९ मा समावेश गरिएको*

## ३.२ क्षमता विकास

आयोगमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि कर्मचारीहरूलाई कार्यसम्पादन र उत्प्रेरणा सम्बन्धी तालिम तथा गोष्ठीहरू सम्पन्न भएका छन् । आयोगको पुस्तकालयमा दक्ष र विशेषज्ञहरूका लागि सन्दर्भ सामग्री समेत हुने गरी विभिन्न स्वदेशी/विदेशी लेखकहरूद्वारा लिखित आयोगद्वारा खरिद गरिएका ११४ थान पुस्तक र आयोगका प्रकाशनहरू समेत सङ्गहित छन् । आयोगका कर्मचारी र अन्य पाठकहरूले आयोगको पुस्तकालयको उपयोग गर्दछन् ।

## ३.३ बजेट निकासा र खर्च

आर्थिक वर्ष २०७९/८० का लागि विभिन्न शीर्षकहरूमा कुल ११ करोड ७२ लाख ९६ हजार बजेट विनियोजन भएको छ । विनियोजित बजेट मध्ये ब.उ.शी.नं. २१०००००१३ पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा

शीर्षकमा ४६ लाख १३ हजार बजेट प्राप्त भएकोमा ४१ लाख ८८ हजार अर्थात ९०.७८ प्रतिशत खर्च भएको छ। ब.उ.शी.नं. २१००००११३ चालू खर्च शीर्षकमा १० करोड ९२ लाख २३ हजार बजेट प्राप्त भएकोमा सात करोड नौ लाख ६३ हजार अर्थात् ६४.९७ प्रतिशत खर्च भएको छ। त्यसैगरी ब.उ.शी.नं. २१००००११४ पूँजीगत तर्फ ३४ लाख ६० हजार बजेट प्राप्त भएकोमा ३१ लाख ६६ हजार खर्च भई ९१.५२ प्रतिशत प्रगति हासिल भएको छ। खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४

विनियोजित बजेट, निकासा र खर्च (रु हजारमा)

| क्र. सं | बजेट उपशीर्षक नं. | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|
| | | वार्षिक वजेट | खर्च | खर्च प्रतिशतमा | वार्षिक वजेट | खर्च | खर्च प्रतिशतमा |
| १ | २१,००,००,०१३ (चालु) | ५,८६९.०० | ५,१७१.०३ | ८८.११ | ४,६१३.०० | ४,१८८.०६ | ९०.७८ |
| २ | २१,००,००,११३ (चालु) | १,१०,३५८.०० | ८९,६०२.७७ | ८१.१९ | १,०९,२२३.०० | ७०,९६३.५५ | ६४.९७ |
| ३ | २१,००,००,११४ (पूँजीगत) | १५,०००.०० | १,३९,७९०.५६ | ९३.२ | ३,४६०.०० | ३,१६६.६४ | ९१.५२ |
| कुल जम्मा | | १,३१,२२७.०० | १,०८,७५३.२५ | ८२.८७ | १,१७,२९६.०० | ७८,३१८.२५ | ६६.७६ |

## ३.४ राजश्व र धरौटी

आयोगको दरखास्त सङ्कलन र अन्य कार्यबाट प्राप्त हुन आएको राजश्व तथा धरौटी रकमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५

दरखास्त सङ्कलन तथा अन्य कार्यबाट सङ्कलित राजश्व र धरौटी (रु हजारमा)

| क्र.सं | कार्यालय | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | |
|---|---|---|---|---|---|
| | | राजश्व | धरौटी | राजश्व | धरौटी |
| १ | प्रदेश लोक सेवा आयोग, गण्डकी | ८५,६००.६४ | १६०.८९ | ८,१४०.३१ | १७३.५० |

## ३.५ विज्ञापन भएको पद सङ्ख्या, दरखास्त र राजश्वको तुलना

आयोगले प्रकाशन गरेको विज्ञापनमा आवेदन गर्ने उमेदवारले दरखास्त दस्तुरवापत तोकिएको शुल्क बुझाउनु पर्दछ। आयोगले प्रकाशन गरेको विज्ञापनमा आ.व. २०७८/७९ मा विभिन्न विज्ञापनहरूमा एक लाख ८१ हजार दुई सय २२ जना उमेदवारहरूबाट दुई लाख ८६ हजार १२ वटा दरखास्त प्राप्त भएकोमा आ.व. २०७९/८० मा १३ हजार पाँच सय ९० दरखास्त प्राप्त भएका छन्। यसैगरी आ.व. २०७८/७९ मा आठ करोड ५६ लाख र आ.व. २०७९/८० मा ८१ लाख ४० हजार राजश्व सङ्कलन भएको देखिन्छ। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६

दरखास्त र राजश्वको स्थिति

| आर्थिक वर्ष | २०७८/७९ | २०७९/८० |
|---|---|---|
| उमेदवार सङ्ख्या | १,८१,२२२ | १३,५९० |
| दरखास्त सङ्ख्या | २,८६,०१२ | २३,२३१ |
| परीक्षा दस्तुर वापतको राजश्व (रु. हजारमा) | ८५,५९१.७४ | ८,१४०.३१ |
| अन्य राजश्व (रु. हजारमा) | ८.९ | - |
| कुल राजश्व (रु. हजारमा) | ८५,६००.६४ | ८,१४०.३१ |

## ३.६ बेरुजु

आर्थिक वर्ष २०७७/०७८ को लेखा परीक्षण गराउँदा रु ४१ लाख ३७ हजार बेरुजु कायम भएकोमा आ.व. २०७८/०७९ को अन्त्य सम्म ३८ लाख ५३ हजार फर्छ्यौट भएको छ।जुन कुल बेरुजुको ९३.१३ प्रतिशत रहेको छ। बाँकी बेरुजु रकम फर्छ्यौटको क्रममा रहेको छ। आयोगको वेरुजुको विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७

बेरुजु फर्छ्यौटको स्थिति (रकम रु हजारमा)

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| कुल बेरुजु | २०७७।७८ सम्मको बेरुजु | ४,१३७.०० |
| जम्मा फछ्र्यौट | २०७९।८० सम्मको फछ्र्यौट | ३,८५३.०० |
| बाँकी बेरुजु | २०७९।८० सम्मको बाँकी | २८४.०० |
| फछ्र्यौट प्रतिशत | ९३.१३ | |

## ३.७ निरीक्षण

प्रदेश र स्थानीय तहहरूमा कर्मचारीहरूको नियुक्ति, बढुवा र विभागीय कारवाहीका क्रियाकलापहरू कानुनबमोजिम सञ्चालन भएका छन्/छैनन् भन्ने सम्बन्धमा आयोगबाट प्रदेश स्तरका कार्यालय र स्थानीय तहहरूको निरीक्षण गर्ने गरिएको छ। उल्लिखित कार्यालयबाट भए गरेका नियुक्ति, बढुवा, स्तरवृद्धि प्रचलित कानुन अनुकूल हुने गरी परिपालना गराउन आयोगको निरीक्षण कार्य महत्त्वपूर्ण रहन्छ।

कार्यालयहरूको निरीक्षण गर्ने क्रममा दरबन्दी संरचना, पदपूर्ति भएका र रिक्त दरबन्दी, पदपूर्तिका प्रकार/किसिमहरू, अस्थायी, करार तथा ज्यालादारीमा भएका नियुक्तिहरू, आयोगबाट अवलम्बन गरिएको सिद्धान्त अनुसार कर्मचारीहरूको पदस्थापना, नियुक्ति भए/नभएको लगायतका विषयहरूमा निरीक्षण गरिएको छ।

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन तथा नियमावलीले तोकेबमोजिम विभिन्न स्थानीय तहमा आयोगको परामर्शविना गरिएका स्तरवृद्धि र बढुवा सम्बन्धी कार्य बदर गरिनुका साथै कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन निर्माण गर्दा, नियुक्ति, बढुवा र विभागीय सजाय गर्दा अपनाउनु पर्ने सिद्धान्त लगायतका विषयमा आयोगको परामर्श माग गर्न लेखी पठाइएको छ।

परिच्छेद चार

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

आयोगले रिक्त पदमा उमेदवार छनौट गर्दा सम्बन्धित पदका लागि आवश्यक नवीनतम परीक्षण प्रविधिको प्रयोग र सम्बन्धित पदका निम्ति आवश्यक पर्ने शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्दै आएको छ।

## ४.१ परीक्षण प्रविधि

आयोगले प्रदेश तथा स्थानीय तह लगायत विभिन्न सार्वजनिक सेवामा उमेदवार छनौट गर्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्दै आएको छ। लोक सेवा आयोगले प्रतिपादन गरेका अभ्यास, विधि तथा मापदण्डलाई आधार मानी परीक्षणका विभिन्न औजारहरू प्रयोग गरी उमेदवार छनौट गर्ने गरिएको छ। नवौं र एघारौं तहका पदहरूमा प्राविधिकतर्फ मात्र छनौट प्रकृया सञ्चालन भएकोमा उक्त पदहरूको पाठ्यक्रम अनुसार लिखित परीक्षा र अन्तर्वार्ता कार्यक्रम सम्पन्न भएका छन् भने सातौं र आठौं तहका पदहरूमा सामूहिक परीक्षण, प्रशासनतर्फ पाँचौं र चौंथो तहका पदहरूमा पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम कम्प्युटर सिप परीक्षण/प्रयोगात्मक परीक्षा र तेस्रो तहको वनरक्षक पदको लागि शारीरिक तन्दुरुस्ती परीक्षण लगायत उमेदवार छनौटका विभिन्न नवीनतम विधिहरू अवलम्बन गर्दै लगिएको छ।

## ४.२ पाठ्यक्रम निर्माण

आयोगले विभिन्न तह, सेवा समूहका प्राविधिक र अप्राविधिकतर्फका तेस्रो तहदेखि एघारौं तहसम्म ८३ प्रकारका पदहरूको पाठ्यक्रम निर्माण गरेको छ। पाठ्यक्रम निर्माण गर्दा मूलतः लोक सेवा आयोगको पाठ्यक्रमलाई आधार मानी दक्ष वा विशेषज्ञहरूको सहयोग लिने गरिएको छ। निर्माण तथा परिमार्जन भएका पाठ्यक्रमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ८

पाठ्यक्रम निर्माण तथा परिमार्जन सम्बन्धी विवरण

| क्र सं | सेवा | तह | ०७७/७८ | ०७८/७९ | ०७९/८० | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | वन | तेस्रो | १ | | | १ |
| २ | इन्जिनियरिङ | चौथो | १ | २ | | ३ |
| ३ | कृषि | चौथो | २ | | | २ |
| ४ | न्याय/प्रशासन (एकीकृत) | चौथो | | १ | १ | २ |
| ५ | वन | चौथो | १ | | | १ |
| ६ | विविध | चौथो | | २ | | २ |
| ७ | स्वास्थ्य | चौथो | ४ | | | ४ |
| ८ | आर्थिक योजना | पाँचौं | | १ | | १ |
| ९ | इन्जिनियरिङ | पाँचौं | १ | | १ | २ |

| क्र सं | सेवा | तह | ०७७/७८ | ०७८/७९ | ०७९/८० | जम्मा |
|---|---|---|---|---|---|---|
| १० | कृषि | पाँचौं | | २ | | २ |
| ११ | न्याय/प्रशासन (एकीकृत) | पाँचौं | | १ | | १ |
| १२ | वन | पाँचौं | १ | | | १ |
| १३ | विविध | पाँचौं | | २ | | २ |
| १४ | शिक्षा | पाँचौं | १ | | | १ |
| १५ | स्वास्थ्य | पाँचौं | ४ | ३ | १ | ८ |
| १६ | शिक्षा | छैठौं | | | १ | १ |
| १७ | इन्जिनियरिङ | सातौं | | | ३ | ३ |
| १८ | कृषि | सातौं | | | ६ | ६ |
| १९ | वन | सातौं | | | २ | २ |
| २० | स्वास्थ्य | सातौं | | ६ | | ६ |
| २१ | शिक्षा | सातौं | | | १ | १ |
| २२ | प्रशासन | सातौं | | | १ | १ |
| २३ | स्वास्थ्य | आठौं | ३ | | | ३ |
| २४ | कृषि | नवौं | | | १ | १ |
| २५ | स्वास्थ्य | नवौं | | १७ | २ | १९ |
| २६ | शिक्षा | नवौं | | | १ | १ |
| २७ | स्वास्थ्य | एघारौं | | | ६ | ६ |
| | **जम्मा** | | १९ | ३७ | २७ | ८३ |

## ४.३ शैक्षिक योग्यता सम्बन्धमा द्विविधा उपर आयोगबाट भएको निर्णय

प्रदेश लोक सेवा आयोगबाट प्रकाशन भएको विज्ञापनमा आवेदन गर्ने आवेदकले पेश गरेको शैक्षिक योग्यतामा कुनै द्विविधा उत्पन्न भई निर्णय गर्नुपर्ने अवस्था रहेन ।

परिच्छेद पाँच

# विज्ञापन र दरखास्त

प्रदेश र स्थानीय तहबाट माग आकृति फाराम प्राप्त भएपछि खुला प्रतियोगिता, अन्तरतह प्रतियोगिता, जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा, कार्य क्षमताका आधारमा हुने बढुवा, आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा तर्फको पद सङ्ख्या निर्धारण गरी विज्ञापन प्रकाशन गरिन्छ। यसरी विज्ञापन प्रकाशन गर्दा कानुनबमोजिम समावेशी समूहको छुट्टाछुट्टै विज्ञापन नम्बर कायम गरिन्छ। प्रतिवेदन अवधिमा आ.व. ०७८/७९ मा कानुनअनुसार बढुवातर्फ प्रतिशत निर्धारण भएका प्रदेशतर्फका पदहरूको साथै आ.व. ०७९/८० को लागि नवौं तह तर्फ प्राप्त माग बमोजिम प्रतिशत निर्धारण हुँदा बढुवातर्फ परेका बढुवाका पदहरूमा विज्ञापन गरी प्राप्त दरखास्तहरू बढुवा प्रकृयामा समावेश गरिएको छ भने स्थानीयतर्फका पदहरूको कानुनको अभावमा बढुवाको सूचना प्रकाशन गर्न सकिएको छैन। विज्ञापन भएका पदहरूमा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० ले तोकेको ढाँचामा अनलाइन प्रणालीबाट दरखास्त माग गर्ने, स्वीकृत गर्ने तथा स्वीकृत नामावली प्रकाशन गर्ने व्यवस्था गरिएको छ।

## ५.१ पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभर सम्पादन हुने कार्यहरू समेटिएको वार्षिक कार्यतालिका आयोगले सम्बन्धित आ.व.को पहिलो दिन सार्वजनिक गर्दछ। आयोगका पदपूर्तिसम्बन्धी सम्पूर्ण काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भई सञ्चालन गरिन्छ। वार्षिक कार्यतालिकामा माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिएका छन्। आयोगले प्रकाशन गरेको आ.व. २०७९/८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकामा समावेश गरिएकोमा प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा ऐन र नियमावली तथा स्थानीय सेवा ऐन तथा नियमावली समयमा जारी हुन नसक्दा पदपूर्ति सम्बन्धी कार्यतालिका प्रभावित हुन गएको थियो। तेस्रो चौमासिक अवधिमा प्रदेशतर्फको निजामती सेवा ऐन र नियमावली जारी भएपछि वार्षिक कार्यतालिका संशोधन गरी प्रदेशतर्फका केही कार्यहरू मात्र निर्धारण गरी कार्यान्वयन गरिएको थियो भने स्थानीय सेवातर्फको नियमावली जारी हुन नसक्दा संशोधित कार्यतालिकामा समावेश गर्न सकिएन।

## ५.२ माग सङ्कलन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २५ बमोजिम प्रदेश तथा स्थानीय तहबाट विभिन्न पदमा माग सङ्कलन हुने गरेको छ।

### क) माग सङ्कलन (प्रदेशतर्फ)

प्रतिवेदन अवधिमा प्रदेशतर्फ तेस्रो, नवौं र एघारौं तहसम्मका रिक्त पदको माग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त गरिएको थियो। प्राप्त मागको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ९

प्रदेशतर्फको माग सङ्कलन विवरण

| क्र.सं. | तह | आ.व. २०७८–७९ | | आ.व. २०७९–८० | |
|---|---|---|---|---|---|
| | | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या |
| १ | एघारौं | - | - | ६ | ७ |
| २ | नवौं | १७ | ४८ | २५ | ५० |
| ४ | आठौं | १ | ३ | | |
| ५ | सातौं | ७ | १४ | | |
| ६ | पाँचौ | २० | ६८ | - | - |
| ७ | चौथो | ७ | ३२ | - | - |
| ८ | तेस्रो | - | - | १ | १०० |
| | **जम्मा** | ५२ | १६५ | ३२ | १५७ |

**ख) माग सङ्कलन (स्थानीय तहतर्फ)**

प्रतिवेदन अवधिमा स्थानीय तहहरूबाट छैठौंदेखि आठौं तहसम्मका माग प्राप्त भए तापनि स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐनबमोजिम विभिन्न सेवा समूह र पदहरूको लागि तोकिनुपर्ने न्यूनतम शैक्षिक योग्यता नतोकिएकोले सबै तहहरूबाट माग सङ्कलन गरिएन। प्राप्त मागको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १०

स्थानीय तहतर्फको माग सङ्कलन विवरण

| क्र.सं. | तह | आ.व. २०७८–७९ | | आ.व. २०७९–८० | |
|---|---|---|---|---|---|
| | | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या |
| १ | एघारौं | - | - | - | - |
| २ | नवौं | - | - | - | - |
| ४ | आठौं | १ | १० | १ | ६ |
| ५ | सातौं | १ | ७ | १२ | ४६ |
| ६ | छैटौं | - | - | १२ | ९८ |
| ७ | पाँचौ | १९ | ४९३ | - | - |
| ८ | चौथो | १५ | ९६१ | - | - |
| ९ | तेस्रो | - | - | - | - |
| | **जम्मा** | ३७ | १४७१ | २५ | १५० |

### ५.३ प्रतिशत निर्धारण

वार्षिक कार्यतालिकाअनुसार प्रदेश सरकार र स्थानीय तहहरूमा लिखित रूपमा पत्राचार गरी रिक्त पदको माग सङ्कलन गर्ने गरिएको र प्राप्त मागहरूको प्रदेश निजामती सेवा र स्थानीय सेवाका सम्बन्धित सेवा, समूह र तहअनुसार प्रतिशत निर्धारण गर्ने गरिएको छ। आर्थिक वर्ष २०७८/७९ र २०७९/०८० मा निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५५, कर्मचारी समायोजन ऐन, २०७५ तथा सम्वन्धित नियमावलीहरूको व्यवस्था बमोजिम प्रतिशत निर्धारण गरिएको थियो भने आर्थिक वर्ष २०७९/०८० मा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ जारी भएपछि सोहीबमोजिम प्राप्त मागलाई प्रतिशत निर्धारण गरी पदपूर्तिको कारबाही अगाडि बढाइएको छ। प्रतिवेदन अवधिमा कृषि, स्वास्थ्य र वन सेवाका ३२ पदहरूको प्रतिशत निर्धारण गरिएको छ।

### ५.४ विज्ञापन प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ मा आयोगले खुला तथा समावेशी र बढुवातर्फ पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। माग प्राप्त भएपछि आयोगले प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता र खुला प्रतियोगितामा पद सङ्ख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरेर विज्ञापन प्रकाशन गरी दरखास्त आव्हान गर्ने गरिएको छ। प्रतिवेदन अवधिमा अघिल्ला वर्ष प्रतिशत निर्धारण गर्दा बढुवातर्फ सुरक्षित रहेका प्रदेश तर्फका पदहरूको समेत विज्ञापन प्रकाशन गरिएको छ।

तालिका नं. ११

विज्ञापनको विवरण

| क्र.सं | विवरण | आ.व. ०७८/७९ | | आ.व. ०७९/८० मा | |
|---|---|---|---|---|---|
| | | विज्ञापन सङ्ख्या | पद सङ्ख्या | विज्ञापन सङ्ख्या | पद सङ्ख्या |
| १ | बढुवा | | | २६ | ३४ |
| २ | आन्तरिक प्रतिस्पर्धा | १३ | १५ | ३ | ४ |
| ३ | खुला | १३० | १३९१ | ५१ | १४४ |
| | जम्मा | १४३ | १४०६ | ८० | १८२ |

प्रतिवेदन अवधिमा प्रदेशतर्फका विभिन्न सेवा सञ्चालन गर्ने निकायहरूको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट माग भए अनुरूप आयोगको वार्षिक कार्यतालिकामा निर्धारित समयावधिभित्रै नवौं र एघारौं तहका खुला तथा समावेशीतर्फका ४२ विज्ञापन सङ्ख्यामा कुल ४८ पद सङ्ख्या, आन्तरिक प्रतिस्पर्धा तर्फ तीन विज्ञापनमा चार पद सङ्ख्याको विज्ञापन गरिएको छ। चौथो तहमा आन्तरिक प्रतिस्पर्धातर्फ गत आ.व.मा प्रतिशत निर्धारण भएर विज्ञापन हुन बाँकी एक पद सङ्ख्याको समेत विज्ञापन भएको थियो। त्यसैगरी तेस्रो तहको वनरक्षक पदमा खुला तथा समावेशी गरी नौ विज्ञापन सङ्ख्याबाट १०० पद सङ्ख्याको लागि विज्ञापन प्रकाशन गरिएको थियो। गत आ.व. र यस आ.व. को विज्ञापन प्रकाशनको स्थितिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १२

खुला तथा समावेशी र आन्तरिक प्रतिस्पर्धातर्फका विज्ञापनको विवरण

| तह/ समावेशी समूह | | विज्ञापन सङ्ख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तेस्रो | चौथो | पाँचौ | सातौँ | आठौँ | नवौं | एघारौं | जम्मा |
| आ.व. ०७८/७९ सम्म (प्रदेश र स्थानीय तर्फ) | आन्तरिक प्रतिस्पर्धा | | - | - | - | - | १३ | | १३ |
| | खुला | | २१ | २५ | ७ | २ | ९ | | ६४ |
| | महिला | | १४ | १३ | २ | २ | १ | | ३२ |
| | आ.ज. | | ८ | ५ | १ | - | - | | १४ |
| | मधेशी | | ७ | ४ | - | - | - | | ११ |
| | दलित | | ६ | ३ | - | - | - | | ९ |
| | **जम्मा** | | ५६ | ५० | १० | ४ | २३ | | १४३ |
| आ.व. ०७९/८० (प्रदेश तर्फ) | आन्तरिक प्रतिस्पर्धा | | १ | | | | २ | | ३ |
| | खुला | १ | | | | | १८ | ६ | २५ |
| | महिला | १ | | | | | १२ | १ | १४ |
| | आ.ज. | १ | | | | | ४ | | ५ |
| | दलित | १ | | | | | | | १ |
| | आर्थिक रूपले विपन्न खस आर्य | १ | | | | | | | १ |
| | अपाङ्गता भएका व्यक्ति | १ | | | | | | | १ |
| | थारु | १ | | | | | | | १ |
| | मुस्लिम | १ | | | | | | | १ |
| | मधेशी | १ | | | | | १ | | २ |
| | **जम्मा** | ९ | १ | | | | ३७ | ७ | ५४ |

### ५.४.१ बढुवातर्फका विज्ञापन

आयोगबाट पदपूर्तिको लागि माग सङ्कलन भएपछि गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २४ को व्यवस्था र गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ ले निर्धारण गरेबमोजिमको पद सङ्ख्या निर्धारण गरी बढुवाको लागि विज्ञापन प्रकाशन गर्ने गरिन्छ। आ.व. २०७८/७९ मा निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५५, कर्मचारी समायोजन ऐन, २०७५ र सम्बन्धित नियमावलीहरूअनुसार प्रतिशत निर्धारण भई बढुवातर्फ परेका पदहरूको समेत प्रतिवेदन अवधिमा ३४ पद सङ्ख्याको लागि २६ वटा विज्ञापन प्रकाशन गरिएको छ।

### ५.४.१ बढुवातर्फका विज्ञापन

आयोगबाट पदपूर्तिको लागि माग सङ्कलन भएपछि गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २४ को व्यवस्था र गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ ले निर्धारण गरेबमोजिमको पदसङ्ख्या निर्धारण गरी बढुवाको लागि विज्ञापन प्रकाशन गर्ने गरिन्छ। आ.व. २०७८/७९ मा निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५५, कर्मचारी समायोजन ऐन, २०७५ र सम्बन्धित नियमावलीहरू अनुसार प्रतिशत निर्धारण भई बढुवा तर्फ परेका पदहरूको समेत प्रतिवेदन अवधिमा ३४ पद सङ्ख्याका लागि २६ वटा विज्ञापन प्रकाशन गरिएको छ।

तालिका नं. १३

बढुवातर्फ विज्ञापनको विवरण (प्रदेशतर्फ)

| सेवा/तह | कार्यक्षमताको मूल्याङ्कन | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | कुल जम्मा |
|---|---|---|---|
| कृषि | ८ | ७ | १५ |
| नवौं | ६ | २ | ८ |
| पाँचौं | २ | ५ | ७ |
| प्रशासन | ४ | ६ | १० |
| पाँचौं | ४ | ६ | १० |
| स्वास्थ्य | ७ | २ | ९ |
| नवौं | ५ | | ५ |
| सातौं | १ | १ | २ |
| पाँचौ | १ | १ | २ |
| **कुल जम्मा** | १९ | १५ | ३४ |

## ५.५ दरखास्त

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला तथा समावेशी र आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणालीमार्फत् दरखास्त सङ्कलन गर्ने गरिएको छ। सङ्कलन गरिएका दरखास्त आयोगबाट तोकिएका कर्मचारीहरूबाट गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को नियम १० बमोजिम रुजु एवम् स्वीकृत गरी अन्तिम नामावली प्रकाशन गरिएको छ। प्रतिवेदन अवधिमा खुला तथा समावेशी र आन्तरिक प्रतिस्पर्धामा १३ हजार पाँच सय ९५ जना आवेदकहरूवाट २३ हजार दुई सय ३४ दरखास्त प्राप्त भएको छ।

### ५.५.१ बढुवातर्फको विज्ञापनमा दरखास्त

आ.व. २०७८/७९ मा प्रतिशत निर्धारण भई विज्ञापन हुन बाँकी रहेका पदहरूमा प्रतिवेदन अवधिमा विज्ञापन प्रकाशन गरी देहाय बमोजिम दरखास्त सङ्कलन भएका छन्। उक्त दरखास्तहरू आवश्यक कारबाहीका लागि सम्बन्धित बढुवा समितिको सचिवालय रहने निकायमा पठाइएको छ।

तालिका नं. १४

प्रदेशको बढुवातर्फ विज्ञापित पद सङ्ख्या र दरखास्तको विवरण (आ.व. २०७९/८०)

| तह | बढुवाको किसिम | पद सङ्ख्या | दरखास्त सङ्ख्या |
|---|---|---|---|
| **पाँचौं** | **कार्यक्षमताको मूल्याङ्कन** | ७ | ८ |
| | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १२ | ९ |
| **सातौं** | **कार्यक्षमताको मूल्याङ्कन** | १ | ४ |
| | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ | ४ |
| **नवौं** | **कार्यक्षमताको मूल्याङ्कन** | ११ | १६ |
| | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ | ५ |
| **जम्मा** | | ३४ | ४६ |

**५.५.१.१ बढुवातर्फको विज्ञापनमा सेवा र तहगत दरखास्त**

प्रतिवेदन अवधिमा प्रदेशतर्फ बढुवाको विज्ञापनमा कृषि, प्रशासन र स्वास्थ्य सेवाका नवौं, सातौ र पाँचौं तहका विभिन्न पदमा दरखास्त लिइएको छ। प्राप्त भएका दरखास्तको सेवा र पदको तहगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १५

प्रदेशको बढुवातर्फको विज्ञापनमा सेवा र पदको तहगत दरखास्त (आ.व. २०७९/८०)

| सेवा/तह | कार्यक्षमताको मूल्याङ्कन | | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | | कुल पद सङ्ख्या | कुल दरखास्त सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | पद सङ्ख्या | दरखास्त सङ्ख्या | पद सङ्ख्या | दरखास्त सङ्ख्या | | |
| कृषि | ७ | १२ | ४ | १० | ११ | २२ |
| नवौं | ६ | ११ | २ | ५ | ८ | १६ |
| पाँचौ | २ | १ | ५ | ५ | ७ | ६ |
| प्रशासन | ३ | ६ | २ | ३ | ५ | ९ |
| पाँचौ | ४ | ६ | ६ | ३ | १० | ९ |
| स्वास्थ्य | ७ | १० | २ | ५ | ९ | १५ |
| नवौं | ५ | ५ | | | ५ | ५ |
| सातौं | १ | ४ | १ | ४ | २ | ८ |
| पाँचौ | १ | १ | १ | १ | २ | २ |
| **जम्मा** | १७ | २८ | ८ | १८ | २५ | ४६ |

**५.५.२ आन्तरिक प्रतिस्पर्धातर्फको विज्ञापनमा सेवा र तहगत दरखास्त**

प्रतिवेदन अवधिमा प्रदेशतर्फ आन्तरिक प्रतिस्पर्धामा कृषि सेवाको नवौं र प्रशासन सेवाको चौथो तहमा दरखास्त प्राप्त भएको छ। तलको तालिकामा सो को विवरण प्रस्तुत गरिएको छ।

तालिका नं. १६

प्रदेशको आन्तरिक प्रतिस्पर्धातर्फ दरखास्तको विवरण (आ.व. २०७९/८०)

| सेवा | तह | माग पद सङ्ख्या | दरखास्त |
|---|---|---|---|
| कृषि | नवौं | १ | ९ |
| प्रशासन | चौथो | १ | ७ |
| स्वास्थ्य | नवौं | २ | ० |

### ५.५.३ खुला तथा समावेशी विज्ञापनमा दरखास्त सङ्ख्या

प्रतिवेदन अवधिमा प्रदेशतर्फ प्रकाशित विभिन्न तहका विज्ञापनहरूमा खुलातर्फ १३ हजार चार सय ३० र समावेशी समूहतर्फ नौ हजार सात सय ४४ दरखास्त परेका छन् । प्राप्त दरखास्तको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १७

प्रदेशतर्फ खुला तथा समावेशी विज्ञापनमा दरखास्त सङ्ख्या (आ.व. २०७९/८०)

| तह | खुला | समावेशी समूह |
|---|---|---|
| एघारौं | ५० | |
| नवौं | २२८ | ८० |
| तेस्रो | १३२१२ | ९६६४ |
| जम्मा | १३४९० | ९७४४ |

### ५.५.४ दरखास्त नपरेका विज्ञापनहरू

प्रतिवेदन अवधिमा प्रदेशतर्फको एघारौं तथा नवौं तहका खुला तथा समावेशी, आन्तरिक प्रतिस्पर्धा र बढुवा तर्फका केही विज्ञापनहरूमा आवेदन परेन ।

### ५.५.४.१ खुला तथा समावेशीतर्फ दरखास्त नपरेका विज्ञापनहरू

प्रतिवेदन अवधिमा प्रदेश तर्फ विज्ञापन भएकामध्ये स्वास्थ्य सेवाको एघारौं तहको प्रमूख मे. सु. पदमा महिलातर्फ, नवौं तहको स्वास्थ्य प्रशासक पदको महिलातर्फ एवम् मे.सु. पदको खुला तथा समावेशी (महिला, आ.ज., मधेसी) समूहमा र चेष्ट समूहको निर्देशक पदमा गरी जम्मा नौ पद सङ्ख्यामा कुनै पनि दरखास्त परेन । यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १८

प्रदेशतर्फ खुला तथा समावेशी समूहमा दरखास्त नपरेका विज्ञापनहरू (आ.व. २०७९/८०)

| विज्ञापन नम्बर | पद, सेवा, समूह | तह | समावेशी समूह | माग पद सङ्ख्या | प्रकाशन मिति |
|---|---|---|---|---|---|
| १०५/२०७९-८० | प्रमुख मेडिकल सुपरिटेन्डेण्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, | ११ | महिला | १ | २०७९-०५-०८ |

| विज्ञापन नम्बर | पद,सेवा,समूह | तह | समावेशी समूह | माग पद सङ्ख्या | प्रकाशन मिति |
|---|---|---|---|---|---|
| ११०/२०७९-८० | स्वास्थ्य प्रशासक, स्वास्थ्य, प.हे.ए. | ९ | महिला | १ | २०७९-०५-०८ |
| १११/२०७९-८० | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, ज.हे.स. | ९ | खुला | ३ | २०७९-०५-०८ |
| ११२/२०७९-८० | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, ज.हे.स. | ९ | महिला | १ | २०७९-०५-०८ |
| ११३/२०७९-८० | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, ज.हे.स. | ९ | आ.ज. | १ | २०७९-०५-०८ |
| ११४/२०७९-८० | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, ज.हे.स. | ९ | मधेशी | १ | २०७९-०५-०८ |
| १४३/२०७९-८० | निर्देशक, स्वास्थ्य, चेष्ट | ९ | खुला | १ | २०७९-०५-०८ |
| | **जम्मा** | | | ९ | |

**५.५.४.२ बढुवातर्फ दरखास्त नपरेका विज्ञापनहरू**

प्रतिवेदन अवधिमा प्रदेशतर्फ बढुवामा विज्ञापन भएकामध्ये कृषि सेवातर्फ चार र प्रशासन सेवातर्फ तीन विज्ञापनमा कुनै पनि दरखास्त परेन। बढुवातर्फ दरखास्त नपरेका विज्ञापनको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १९**

**प्रदेशको बढुवातर्फ दरखास्त नपरेका विज्ञापनहरू (आ.व. २०७९/८०)**

| क्र. सं | पद, सेवा, समूह, उपसमूह | तह | बढुवाको किसिम | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्राविधिक सहायक, कृषि, बागबानी | पाँचौं | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| २ | प्राविधिक सहायक, कृषि, बागबानी | पाँचौं | कार्यक्षमताको मूल्याङ्कन | १ |
| ३ | मत्स्य प्राविधिक सहायक, कृषि, मत्स्य | पाँचौं | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ४ | प्राविधिक सहायक, कृषि, बाली संरक्षण | पाँचौं | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ५ | बरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | पाँचौं | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ३ |
| ६ | तथ्याङ्क सहायक, प्रशासन, विविध | पाँचौं | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ |
| ७ | तथ्याङ्क सहायक, प्रशासन, विविध | पाँचौं | कार्यक्षमताको मूल्याङ्कन | १ |
| **जम्मा पद सङ्ख्या** | | | | ९ |

### ५.५.४.३ आन्तरिक प्रतिस्पर्धातर्फ दरखास्त नपरेका विज्ञापनहरू

प्रतिवेदन अवधिमा प्रदेशको आन्तरिक प्रतिस्पर्धा तर्फ विज्ञापन भएकामध्ये स्वास्थ्य सेवातर्फ एक विज्ञापनमा कुनै पनि दरखास्त परेन। आन्तरिक प्रतिस्पर्धातर्फ दरखास्त नपरेका विज्ञापनको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २०**

**प्रदेशको आन्तरिक प्रतिस्पर्धा तर्फ दरखास्त नपरेका विज्ञापनहरू (आ.व. २०७९/८०)**

| विज्ञापन नम्बर | पद, सेवा, समूह | तह | समावेशी समूह | माग पद सङ्ख्या | प्रकाशन मिति |
|---|---|---|---|---|---|
| १०८/२०७९-८० | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | ९ | आन्तरिक प्रतिस्पर्धा | २ | २०७९-०५-०८ |

### ५.५.५ दरखास्त स्वीकृति

आर्थिक वर्ष २०७९/८० मा विज्ञापित पदहरूमा एक सय ८६ पद सङ्ख्याको लागि महिलातर्फ दुई हजार आठ सय ३३ र पुरुषतर्फ १० हजार सात सय ६२ गरी कुल १३ हजार पाँच सय ९५ आवेदकहरूले समावेशी समूहहरूमा समेत गरी २२ हजार आठ सय ५२ दरखास्त परेका छन्। सोको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २१**

**प्रदेश र स्थानीयतर्फ दरखास्त स्वीकृतिको विवरण**

| क्र.सं. | तह | आ.व. २०७८/०७९ (प्रदेश र स्थानीय) | | | आ.व. २०७९/०८० (प्रदेश) | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | एघारौं | - | - | - | १२ | ३८ | ५० |
| २ | नवौं | १९ | ९६ | ११५ | ८८ | १४९ | २३७ |
| ३ | आठौं | २७४ | ८०९ | १,०८३ | - | - | - |
| ४ | सातौं | ७६१ | ८८७ | १,६४८ | - | - | - |
| ५ | पाँचौ | २१,५२८ | ३६,९८६ | ५८,५१४ | - | - | - |
| ६ | चौथो | ५९,३२६ | ६०,५३६ | १,१९,८६२ | १ | ६ | ७ |
| ७ | तेस्रो | - | - | - | २,७३२ | १०,५६९ | १३,३०१ |
| जम्मा | | ८१,९०८ | ९९,३१४ | १,८१,२२२ | २,८३३ | १०,७६२ | १३,५९५ |

### ५.५.५.१ विज्ञापनको प्रकारअनुसार दरखास्तको विवरण


प्रतिवेदन अवधिमा प्रदेशको खुला प्रतियोगितातर्फ ५८.२८ प्रतिशत र समावेशी समूहतर्फ ४१.७२ प्रतिशत दरखास्त प्राप्त भएकोमा महिला समूहमा ११.५५ प्रतिशत र मुस्लिम समूहमा ०.२३ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २२

दरखास्तको समावेशी विवरण (आ.व. २०७९/८०)

| विज्ञापनको प्रकार | दरखास्त सङ्ख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत |
| खुला | २,७८९ | १०,७०१ | १३,४९० | ५८.२८ |
| समावेशी समूहको जम्मा | ३,७३८ | ६,००६ | ९,७४४ | ४१.७२ |
| महिला | २,७५४ | | २,७५४ | ११.५५ |
| आदिवासी जनजाति | ५०४ | १,८०८ | २,३१२ | ९.९३ |
| मधेशी | २५ | १,४२३ | १,४४८ | ६.२९ |
| अपाङ्गता भएका व्यक्ति | २१ | ३१६ | ३३७ | १.४५ |
| आर्थिक रूपले विपन्न खस आर्य | १९७ | ९६८ | १,१६५ | ५.०३ |
| दलित | १७३ | १,०४२ | १,२१५ | ५.२५ |
| थारु | ६४ | ३९५ | ४५९ | १.९८ |
| मुस्लिम | | ५४ | ५४ | ०.२३ |
| कुल जम्मा | ६,५२७ | १६,७०७ | २३,२३४ | १००.०० |

समावेशी समूहतर्फ महिलाको प्रतिस्पर्धात्मक क्षमतालाई विश्लेषण गर्दा अधिकतम सहभागिता आदिवासी जनजाति र न्यूनतम सहभागीता मुस्लिम समुदायवाट रहेको छ।




चित्र नं. ३

### ५.५.६ दरखास्तको भौगोलिक वर्गीकरण

**(क) भौगोलिक आधारमा**

प्रतिवेदन अवधिमा आयोगको अनलाइन प्रणालीमार्फत सङ्कलित दरखास्तको स्थितिलाई भौगोलिक क्षेत्र हिमाल, पहाड र तराईमा आधारित रहेर विश्लेषण गर्दा सबैभन्दा बढी ४८.६६ प्रतिशत पहाड र सबैभन्दा कम १६.३९ प्रतिशत हिमाली क्षेत्रबाट दरखास्त परेको छ। भौगोलिक क्षेत्रअनुसार परेका दरखास्त दिने उमेदवारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २३**
**भौगोलिक आधारमा दरखास्तको विवरण**

| भौगोलिक क्षेत्र | दरखास्त दिने उमेदवार प्रतिशतमा | | | | | |
|---|---|---|---|---|---|---|
| | आ.व २०७८/७९ | | | आ.व २०७९/८० | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| तराई | ११.८४ | २३.६४ | ३५.४८ | ११.८७ | २३.०८ | ३४.८५ |
| पहाड | २५.६९ | २२.९३ | ४७.६२ | २४.७७ | २३.८९ | ४८.६६ |
| हिमाल | ७.६७ | ८.२२ | १५.८९ | ७.६४ | ८.७५ | १६.३९ |
| **जम्मा** | ४५.२० | ५४.७९ | | ४४.२८ | ५५.७२ | |

**(ख) प्रदेशगत आधारमा**

प्रदेशगत रूपमा सबैभन्दा बढी गण्डकी प्रदेशबाट १४.१० प्रतिशत पुरुष र ७.८३ प्रतिशत महिला र सबैभन्दा कम बागमती प्रदेशबाट २.१० प्रतिशत पुरुष र ०.७३ प्रतिशत महिलाको दरखास्त परेको छ। प्रदेशगत दरखास्त दिने उमेदवारको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २४**
**प्रदेशगत आधारमा दरखास्तको विवरण**

| प्रदेश | दरखास्त दिने उमेदवारको प्रतिशत | | | |
|---|---|---|---|---|
| | आ.व २०७८/७९ | | आ.व २०७९/८० | |
| | महिला | पुरुष | महिला | पुरुष |
| गण्डकी प्रदेश | १२.३७ | ६.७५ | ७.८३ | १४.१० |
| कोशी प्रदेश | ४.४९ | ३.८५ | ०.७७ | ३.१२ |
| मधेश प्रदेश | ५.१५ | १६.२९ | ०.९१ | १६.४९ |
| बागमती प्रदेश | ४.४६ | ३.४४ | ०.७३ | २.१० |
| लुम्बिनी प्रदेश | ७.२३ | ६.७५ | २.०२ | ६.९७ |

| प्रदेश | दरखास्त दिने उमेदवारको प्रतिशत | | | |
|---|---|---|---|---|
| | आ.व २०७८/७९ | | आ.व २०७९/८० | |
| | महिला | पुरुष | महिला | पुरुष |
| कर्णाली प्रदेश | ७.३६ | १०.१० | ६.०७ | २४.७० |
| सुदूरपश्चिम प्रदेश | ४.१४ | ७.६३ | १.२४ | १२.९७ |
| **कुल जम्मा** | ४५.२ | ५४.८१ | १९.५५ | ८०.४५ |

(ग) **जिल्लागत आधारमा**

दरखास्त दिने उमेदवारको सङ्ख्यालाई जिल्लागत रूपमा विश्लेषण गर्दा बढी दरखास्त प्राप्त भएका १० जिल्ला र गण्डकी प्रदेशका जिल्लाहरूबाट उमेदवारको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २५**

**अधिक दरखास्त परेका जिल्लाको जिल्लागत विवरण**

| क्र.नं | आ.व २०७८/७९ | | | जम्मा | आ.व २०७९/८० | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | महिला | पुरुष | | जिल्ला | महिला | पुरुष | |
| १ | सप्तरी | १,९३३ | ४,७१२ | ६,६४५ | जुम्ला | ३७६ | १२८७ | १६६३ |
| २ | रुकुम (पश्चिम) | ३,०३० | ३,२२९ | ६,२५९ | कञ्चनपुर | २७ | ९७० | ९९७ |
| ३ | स्याङ्जा | ४,०८४ | २,१३७ | ६,२२१ | रुकुम (पश्चिम भाग) | १९४ | ४६१ | ६५५ |
| ४ | कास्की | ३,५०६ | २,०२५ | ५,५३१ | स्याङजा | २३६ | ३९४ | ६३० |
| ५ | रौतहट | १,१४७ | ४,३६० | ५,५०७ | पर्वत | २०५ | ३४३ | ५४८ |
| ६ | धनुषा | १,१४४ | ४,३२५ | ५,४६९ | बारा | २७ | ५१९ | ५४६ |
| ७ | सिरहा | १,४१३ | ४,०४६ | ५,४५९ | जाजरकोट | ६४ | ४३१ | ४९५ |
| ८ | सर्लाही | १,३०६ | ४,०२७ | ५,३३३ | बागलुङ | १७० | २९७ | ४६७ |
| ९ | महोत्तरी | १,०४७ | ३,९१९ | ४,९६६ | रौतहट | २६ | ४३८ | ४६४ |
| १० | बागलुङ | ३,२६८ | १,४०० | ४,६६८ | कास्की | १७५ | २८४ | ४५९ |

(घ) गण्डकी प्रदेशका जिल्लाहरूबाट दरखास्त दिने उमेदवारको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २६**

**गण्डकी प्रदेशको जिल्लागत दरखास्तको विवरण**

| क्र. सं. | आ.व २०७८/७९ | | | जम्मा | आ.व २०७९/८० | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | महिला | पुरुष | | जिल्ला | महिला | पुरुष | |
| १ | स्याङ्जा | ४,०८४ | २,१३७ | ६,२२१ | स्याङजा | २३६ | ३९४ | ६३० |
| २ | कास्की | ३,५०६ | २,०२५ | ५,५३१ | पर्वत | २०५ | ३४३ | ५४८ |
| ३ | बागलुङ | ३,२६८ | १,४०० | ४,६६८ | बागलुङ | १७० | २९७ | ४६७ |
| ४ | पर्वत | २,६३४ | १,७०० | ४,३३४ | कास्की | १७५ | २८४ | ४५९ |
| ५ | तनहुँ | २,५२९ | १,३१३ | ३,८४२ | तनहुँ | ९३ | २५१ | ३४४ |
| ६ | गोरखा | २,२३४ | १,५०५ | ३,७३९ | गोरखा | ८७ | १६७ | २५४ |
| ७ | लमजुङ | १,४८४ | ८२० | २,३०४ | लमजुङ | ४९ | १२३ | १७२ |
| ८ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १,३०० | ७४७ | २,०४७ | म्याग्दी | ७६ | ८३ | १५९ |
| ९ | म्याग्दी | १,२०९ | ४८४ | १,६९३ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ३३ | ९१ | १२४ |
| १० | मुस्ताङ | १४५ | ७९ | २२४ | मनाङ | ४ | ७ | ११ |
| ११ | मनाङ | ३३ | १६ | ४९ | मुस्ताङ | ६ | ३ | ९ |

परिच्छेद छ

# परीक्षा र परीक्षण

लिखित परीक्षा सञ्चालनका लागि कच्चा प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षा केन्द्र कायम, जनशक्ति व्यवस्थापन, प्रश्नपत्रको छपाई, परीक्षा सञ्चालन, उत्तरपुस्तिकाको साङ्केतीकरण, उत्तरपुस्तिका परीक्षण, लिखित परीक्षा नतिजा तयारी र प्रकाशन, सामूहिक छलफल, कम्प्युटर सिप परीक्षण/प्रयोगात्मक परीक्षा लगायतका कार्यहरू आयोगबाट सम्पादन हुँदै आएका छन् ।

## ६.१ प्रश्नपत्र निर्माण र परिमार्जन

आयोगले लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालनका लागि पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिमका प्रश्नपत्र प्रयोग गर्दछ। यस प्रक्रियामा सूचीकृत दक्ष वा विशेषज्ञहरूबाट कच्चा प्रश्नपत्र प्राप्त गरी दक्ष वा विशेषज्ञबाट परिमार्जन गरी आवश्यक मात्रामा परीक्षामा प्रयोग गरिन्छ। बाँकी रहेका परिमार्जित प्रश्नपत्रलाई प्रश्नपत्र बैंकमा राख्ने गरिएको छ।

### ६.१.१ प्रश्नपत्र निर्माण

प्रश्न निर्माणका लागि मनोनित दक्ष वा विशेषज्ञलाई सम्बन्धित विषयको पाठ्यक्रम, पुराना वा नमुना प्रश्नपत्र, प्रश्नपत्र निर्माण निर्देशन, प्रश्न निर्माण तालिका तथा आवश्यक खामहरू गोप्य रूपमा उपलब्ध गराइन्छ। प्रश्न निर्माणकर्ताबाट प्रश्नपत्र बुझ्दा प्रश्न निर्माणकर्ताको सङ्केत चिन्हबाहेक अन्य कुनै परिचयात्मक विवरण राखिँदैन। यसरी गोप्य सिलबन्दी खामलाई सिलबन्दी अवस्थामा नै परिमार्जनका लागि प्रश्नपत्र परिमार्जन, अन्तर्वार्ता तथा सिफारिस शाखामा पठाइने गरिएको छ। दक्ष वा विशेषज्ञवाट सङ्कलन गरिएका प्रश्नपत्रको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २७

दक्ष वा विशेषज्ञवाट कच्चा प्रश्नपत्र सङ्कलन विवरण

| आ.व./तह | कच्चा प्रश्न प्याकेट सङ्ख्या | |
|---|---|---|
| | २०७८/७९ | २०७९/८० |
| तेस्रो | - | ७ |
| चौथो | १३७ | २७ |
| चौथो/पाँचौ (प्रयोगात्मक) | ४५ | २३ |
| पाँचौं | १६६ | - |
| सातौं | ६२ | - |
| आठौं | २२ | - |
| नवौं | ६७ | १४८ |
| एघारौं | - | ५४ |

### ६.१.२ प्रश्नपत्र परिमार्जन (मोडरेसन)

आयोगको अध्यक्षबाट दक्ष वा विशेषज्ञ मनोनयन गराई गोप्य रूपमा आमन्त्रण गरी प्रश्नपत्र परिमार्जनका लागि प्राप्त भएका पाठ्यक्रमअनुसारका एकै विषयका कच्चा प्रश्नपत्रहरू र प्रश्नपत्र बैंकमा मौज्दात रहेका सोही विषयका प्रश्नपत्र सेटहरू परिमार्जन गरी तयार भएका प्रश्नपत्र सेटहरू निज दक्ष वा विशेषज्ञकै रोहवरमा छुट्टा-छुट्टै सिलबन्दी गरी गोप्य कोड राखी महाशाखा प्रमुखको रोहवरमा प्रश्नपत्र परिमार्जन, अन्तर्वार्ता तथा सिफारिस शाखामा भण्डारण गरिएको छ। परीक्षा सञ्चालनको समयमा आयोगका अध्यक्षबाट उक्त सिलबन्दी प्रश्नपत्रहरूको कोडका आधारमा छनौट गराई छानिएको कोडको सिलबन्दी खाम खोली आवश्यक सङ्ख्यामा प्रश्नपत्र छपाइ गरी पुनः सिलबन्दी गरेर सम्बन्धित परीक्षा केन्द्रमा पुऱ्याउने गरिएको छ। प्रतिवेदन अवधिमा दक्ष वा विशेषज्ञहरूबाट विभिन्न तहका पदको प्रश्नपत्रहरू परिमार्जन गरी हालसम्म २३५ सेट मौज्दात रहेको छ।

## ६.२ लिखित परीक्षा सञ्चालन र व्यवस्थापन

दरखास्त स्वीकृत भएका उमेदवारहरूको लिखित परीक्षा सञ्चालनका लागि परीक्षा भवन कायम गर्ने, प्रश्नपत्र र उत्तरपुस्तिकाको व्यवस्था मिलाउने, परीक्षाको लागि आवश्यक जनशक्ति खटाउने, परीक्षा सञ्चालन गर्ने, परीक्षाको अनुगमन तथा निरीक्षण गर्ने, उत्तरपुस्तिका सङ्कलन र भण्डारण गर्ने कार्य लिखित परीक्षा सञ्चालन अन्तर्गत पर्दछन्।

परीक्षा सञ्चालनका लागि लोक सेवा आयोग एवम् प्रदेश लोक सेवा आयोगको भवन, विभिन्न विद्यालय र क्याम्पस गरी आर्थिक वर्ष २०७८/०७९ मा एक हजार १८ वटा र आर्थिक वर्ष २०७९/८० मा २४ वटा परीक्षा केन्द्र निर्धारण गरिएको थियो भने सङ्घ, प्रदेश एवं स्थानीय तहमा कार्यरत कर्मचारीहरू, विद्यालय एवं क्याम्पसका शिक्षक तथा कर्मचारी र सुरक्षाकर्मीहरूको सहयोगबाट परीक्षा सञ्चालन गरिएको छ।

परीक्षा सुचारु रूपले सञ्चालन भए नभएको सम्बन्धमा वस्तुस्थितिको अध्ययन गर्न सचिव वा सचिवले तोकेको कर्मचारीबाट सुपरीवेक्षण गर्ने व्यवस्था भएकोमा प्रदेश सरकारका सचिवहरू, प्रमुख जिल्ला अधिकारी एवम् सुरक्षा निकायका प्रमुखबाट लिखित परीक्षा सञ्चालनको सुपरिवेक्षण हुँदै आएको छ। साथै गण्डकी प्रदेश सरकारका प्रमुख सचिवबाट समेत लिखित परीक्षाको सुपरीवेक्षण हुँदै आएको छ। आर्थिक वर्ष २०७८/७९ मा विभिन्न सेवा समूहका चौथो तहदेखि नवौं तहसम्मका लिखित परीक्षा सञ्चालन गरिएको थियो भने आर्थिक वर्ष २०७९/८० मा स्वास्थ्य सेवातर्फ नवौं तथा एघारौं तहका साथै कृषि सेवातर्फ नवौं तह र प्रशासन सेवातर्फ चौंथो तहको आन्तरिक प्रतिस्पर्धातर्फको लिखित परीक्षा सञ्चालन गरिएको छ। लैङ्गिक अवस्थाको आधारमा लिखित परीक्षामा सहभागी भएका उमेदवारहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २८

लिखित परीक्षामा सम्मिलित उमेदवार विवरण

| आ.व | दरखास्त स्वीकृत भएका उमेदवार | | | लिखित परीक्षामा सम्मिलित सङ्ख्या | | | उपस्थिति |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | प्रतिशत |
| २०७८/०७९ (प्रदेश र स्थानीय) | ८१,९०८ | ९९,३१४ | १,८१,२२२ | ५९,३३१ | ७३,३९३ | १,३२,७२४ | ७३.२३ |
| २०७९/८० (प्रदेश) | ८४ | १२१ | २०५ | ५५ | ११७ | १७२ | ८३.९० |

**तालिका नं. २९**
**वन रक्षकको शारीरिक तन्दुरुस्ती परीक्षणमा सम्मिलित उमेदवार विवरण**

| आ.व | दरखास्त स्वीकृत भएका उमेदवार | | | शारीरिक तन्दुरुस्ती परीक्षणमा सम्मिलित सङ्ख्या | | | उपस्थिति |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | प्रतिशत |
| २०७९/८० (प्रदेश) | २,७३२ | १०,५६९ | १३,३०१ | १,३६६ | ५,६६९ | ७,०२५ | ५२.८१ |

**तालिका नं. ३०**
**परीक्षार्थीको लैङ्गिक अवस्था**

| क्र.सं | तह | आर्थिक वर्ष २०७८/७९ (प्रदेश र स्थानीय) | | | आर्थिक वर्ष २०७९/८० (प्रदेश) | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | एघारौं | - | - | - | ८ | २५ | ३३ |
| २ | नवौं | १२ | ५५ | ६७ | ४६ | ८८ | १३४ |
| ३ | आठौं | १७३ | ५०८ | ६८१ | - | - | - |
| ४ | सातौं | ३७३ | ५०७ | ८८० | - | - | - |
| ५ | पाँचौं | १३,७७६ | २३,५७५ | ३७,३५१ | - | - | - |
| ६ | चौंथो | ३८,९०४ | ३९,६१५ | ७८,५१९ | १ | ४ | ५ |
| ७ | तेस्रो | - | - | - | - | - | - |
| | जम्मा | ५३,२३८ | ६४,२६० | १,१७,४९८ | ५५ | ११७ | १७२ |

### ६.२.१ परीक्षा प्रणाली

एकीकृत र संयुक्त परीक्षा प्रणालीअन्तर्गत प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका सहायक पाँचौ वा सो सरह तथा सहायक चौथो वा सो सरहका अप्राविधिकतर्फका पदहरूमा तीन चरणको परीक्षा पद्धति अवलम्बन गरिएको छ भने अन्य सेवाको पदहरूको हकमा दुई चरणमा परीक्षा सञ्चालन गरिएको छ। प्रथम चरणको परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्ने परीक्षार्थी मात्र दोस्रो चरणको परीक्षामा सम्मिलित हुन पाउँछन् र दोस्रो चरणको परीक्षामा उत्तीर्ण उमेदवार मध्यबाट पदपूर्ति गरिने सङ्ख्याको अनुपातमा उच्चतम अङ्क प्राप्त गर्ने उमेदवारहरू तेस्रो चरणको परीक्षामा सहभागी हुन पाउँछन् ।

## ६.३ उत्तरपुस्तिका सांङ्केतीकरण

आ.व ०७८/७९ मा विज्ञापन भई लिखित परीक्षा सम्पन्न भएका १३ हजार चार सय ७१ उत्तरपुस्तिका र यस आ.व. मा विज्ञापन भएका एक हजार दुई सय ३६ उत्तरपुस्तिका यसै आ.व मा प्रथम र दोश्रो सङ्केत नम्बर कायम गरिएको छ। आर्थिक वर्ष २०७८ /७९ को बाँकी उत्तरपुस्तिका समेत गरी जम्मा कुल १४ हजार सात सय सात विषयगत उत्तरपुस्तिकाहरूमा प्रथम र दोश्रो सङ्केत राखी उत्तरपुस्तिका परीक्षणका लागि लिखित परीक्षा नतिजा तयारी शाखामा पठाइएको छ। यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३१
उत्तरपुस्तिका साङ्केतिकरण

| आ.व | सङ्केत गरिएका उत्तरपुस्तिका | | OMR उत्तरपुस्तिका |
|---|---|---|---|
| | वस्तुगत | विषयगत | |
| २०७८/७९ | ९,७६५ | ३२,२८७ | १,१०,४५० |
| २०७९/८० | - | १४,७०७ | - |

## ६.४ लिखित परीक्षा नतिजा

उत्तरपुस्तिकामा दोस्रो सङ्केत नम्बर राखिएको उत्तरखण्ड प्राप्त भएपछि नतिजा तयारी सुरु गरिन्छ। उत्तरपुस्तिकामा प्रथम सङ्केत नम्बर राख्ने र दोस्रो सङ्केत नम्बर राख्ने कुनै पनि कार्यमा संलग्न नहुने कर्मचारीद्वारा लिखित परीक्षा नतिजा तयार गरिएको छ। नतिजा तयारी सम्पन्न गरी प्राप्ताङ्क उल्लेख नभएको शिलबन्दी दोस्रो सङ्केत सूची (OMR को हकमा Barcode List) सम्बन्धित शाखामा विसङ्केतीकरणका लागि पठाई लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने गरिएको छ भने, योग्यताक्रमानुसारको प्राप्ताङ्क तालिका शिलबन्दी गरी अन्तर्वार्ता सकिएपश्चात् मात्र नतिजा तयारी शाखाबाट सिफारिस गर्ने शाखामा पठाउने व्यवस्था मिलाइएको छ।

### ६.४.१. उत्तरपुस्तिका परीक्षण

आ.ब. २०७८/७९ मा परीक्षा सम्पन्न भई नतिजा प्रकाशनको क्रममा रहेका उत्तरपुस्तिकासमेत गरी प्रतिवेदन अवधिमा आयोगमा सूचीकृत दक्ष/विशेषज्ञहरूबाट ३० हजार चार सय २६ विषयगत उत्तरपुस्तिकाहरू परीक्षण गरियो। उत्तरपुस्तिकाहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३२
उत्तरपुस्तिका परीक्षण विवरण

| उत्तरपुस्तिका किसिम | प्राविधिक | | अप्राविधिक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० |
| वस्तुगत | ९,७६५ | - | - | - | ९,७६५ | - |
| विषयगत | १४,०८१ | १,२३६ | २,४८७ | २९,१९० | १६,५६८ | ३०,४२६ |
| जम्मा | २३,८४६ | १,२३६ | २,४८७ | २९,१९० | २६,३३३ | ३०,४२६ |
| OMR Sheet | ९५,१५९ | - | १५,२९१ | - | १,१०,४५० | - |
| **कुल जम्मा** | **१,१९,००५** | **१,२३६** | **१७,७७८** | **२९,१९०** | **१,३६,७८३** | **३०,४२६** |

### ६.४.२ उत्तरपुस्तिका रुजु

OMR प्रविधिबाट scan गरिएका उत्तरपुस्तिका OMR ले पूर्णरूपमा Read गरे नगरेको सूक्ष्म रूपमा हेरी उत्तर पुस्तिका र Read गरेको डाटा भिडाई नतिजा तयारी गरिन्छ। वस्तुगत उत्तरपुस्तिका र विषयगत उत्तरपुस्तिकामा सबै

प्रश्नका उत्तरहरू विशेषज्ञले परीक्षण गरे/नगरेको, अङ्क दिए/नदिएको, परीक्षण गरी अङ्क दिइएका उत्तरपुस्तिकामा सबै अङ्क जोडिएको छ/छैन सूक्ष्मरूपमा रूजु गरी, उत्तरपुस्तिका र प्राप्ताङ्क तालिकासमेत भिडाई, रुजु प्रमाणित गरी नतिजा तयार गरिएको छ। प्रतिवेदन अवधिमा ३० हजार चार सय २६ उत्तरपुस्तिकाको रुजु सम्पन्न गरियो।

### ६.४.३ लिखित परीक्षा नतिजा तयारी

आर्थिक वर्ष २०७८/७९ मा विज्ञापित १८ वटा र आर्थिक वर्ष २०७९/८० मा विज्ञापित २२ वटा गरी कुल ४० वटा पदका लिखित नतिजा तयारी सम्पन्न गरी उत्तीर्ण उमेदवारहरूको दोस्रो कोड सूची डिकोडिङ तथा लिखित नतिजा प्रकाशनका लागि पठाइएको र उत्तीर्ण उमेदवारहरूको अङ्क सहितको दोस्रो कोड सूची सिफारिस प्रयोजनका लागि शिलबन्दी गरी प्रश्नपत्र परिमार्जन, अन्तर्वार्ता तथा सिफारिस शाखामा पठाइएको थियो।

तालिका नं. ३३

लिखित परीक्षा नतिजा तयारी

| आ.व | नतिजा तयारी गरिएको पद | कैफियत |
|---|---|---|
| २०७८/७९ | ४९ | ४ वटा प्रथम चरणको समेत |
| २०७९/८० | ४० | |

### ६.४.४ लिखित परीक्षा नतिजा प्रकाशन

लिखित परीक्षा नतिजा तयारी शाखाबाट उत्तीर्ण उमेदवारहरूको दोस्रो सङ्केत/बारकोड नम्बरका आधारमा तयार भएको योग्यताक्रम सूचीअनुसार उच्चत्तम अङ्क प्राप्त गर्ने उमेदवारहरूलाई क्रमशः खुला तथा समावेशी समूहअनुसार विसङ्केतीकरण (डिकोड) गरी उमेदवारको विवरण यकिन गर्ने व्यवस्था रहेको छ। सोहीअनुसार विसङ्केतीकरण फारम तयार गरी सिलबन्दी सहित सुरक्षित राखी अन्तर्वार्तामा छनौट भएका उमेदवारहरूको वर्णानुक्रमअनुसार रोल नं., नाम थर, बाबु, बाजे र छनौट भएको समावेशी समूह उल्लेख गरी अन्तर्वार्ता कार्यक्रम सहित लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको छ। अन्तर्वार्ता कार्यक्रम समाप्त भएपश्चात् विसङ्केतीकरण गरिएको उक्त फाराम अन्तिम नतिजा प्रकाशन र सिफारिसका लागि प्रश्नपत्र परिमार्जन, अन्तर्वार्ता तथा सिफारिस शाखामा पठाइएको छ। यस व्यवस्था बमोजिम लिखित परीक्षा नतिजा प्रकाशनसम्बन्धी विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ३४

लिखित परीक्षा नतिजा प्रकाशन

| क्र.सं. | तह | आ.व. २०७८-०७९ | | | आ.व. २०७९-०८० | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | एघारौं | - | - | - | ३ | १० | १३ |
| २ | नवौं | - | - | - | १५ | ३१ | ४६ |
| ३ | नवौं | - | - | - | ७ | १६ | २३ |
| ४ | आठौं | ९ | १४ | २३ | - | - | - |

| क्र.सं. | तह | आ.व. २०७८-०७९ | | | आ.व. २०७९-०८० | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ५ | सातौं | - | - | - | १९ | २४ | ४३ |
| ६ | पाँचौ | २०२ | ४१६ | ६१८ | ४१ | ११९ | १६० |
| ७ | चौथो | ७५१ | ९११ | १,६६२ | ३० | ६२ | ९२ |
| कुल जम्मा | | ९६२ | १,३४१ | २,३०३ | ११५ | २६२ | ३७७ |

## ६.५ शारीरिक तन्दुरुस्ती परीक्षण

प्रतिवेदन अवधिमा प्रदेश वन सेवा, जनरल फरेष्ट्रि समूह, सहायक तेस्रो तह वन रक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षण सम्पन्न भएको छ। शारीरिक तन्दुरुस्ती परीक्षण मध्ये शारीरिक परीक्षण, २०० मिटर र ३००० मिटर दौडको परीक्षण प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा, रुख चढ्ने परीक्षा, नेपाल प्रहरी प्रदेश कार्यालय, पोखरा र पौडी परीक्षा पावरहाउस रिसोर्ट प्रा. लि., पोखरामा दैनिक दुई सिफ्टका दरले प्रत्येक इभेन्ट ५३ सिफ्ट सञ्चालन भएको थियो। यसरी सञ्चालन भएको शारीरिक तन्दुरुस्ती परीक्षणमा सात हजार २५ जना उपस्थित भएका थिए। शारीरिक तन्दुरुस्ती परीक्षणमा तीन हजार दुई सय २७ जना उमेदवार उत्तीर्ण भएका छन्। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३५
शारीरिक तन्दुरुस्ती परीक्षण

| परीक्षा | सञ्चालित सिफ्ट | सहभागी सङ्ख्या | | | दरखास्त स्वीकृत भएका उमेदवार | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| शारीरिक परीक्षण र दौड | ५३ | १,३६६ | ५,६५९ | ७,०२५ | १३,३०१ | ५२.८२ |
| रुख चढ्ने | ५३ | ६१९ | ३,६५० | ४,२६९ | | |
| पौडी | ५३ | ३८३ | २,९८१ | ३,३६४ | | |
| उत्तीर्ण | | ३५१ | २,८७६ | ३,२२७ | | २४.२६ |

## ६.६ प्रयोगात्मक परीक्षा र सिप परीक्षण

प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सीप परीक्षण हुने पदमा अन्तर्वार्ताका लागि छनौट भएका उमेदवारलाई आर्थिक वर्ष २०७८/७९ मा सहायक कम्प्युटर अपरेटर चौथो तह र कम्प्युटर अपरेटर पाँचौं तहका १६ जना उमेदवारको प्रयोगात्मक परीक्षा सञ्चालन गरिएको थियो। आर्थिक वर्ष २०७९/८० मा प्रशासन सेवाका सहायकस्तर चौथो र पाँचौ तहका दुई सय तीन जना उमेदवारको कम्प्युटर सिप परीक्षण सञ्चालन गरिएको छ। अघिल्लो आ.व.मा लिखित परीक्षा सञ्चालन भई यस आ.व. मा कम्प्युटर सिप परीक्षणको परीक्षामा सहभागी सङ्ख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका नं. ३६
### प्रयोगात्मक परीक्षा र सिप परीक्षणमा सहभागी उमेदवार सङ्ख्या

| क्र.सं. | सेवा | पद | तह | आ.व २०७८/७९ | आ.व २०७९/८० |
|---|---|---|---|---|---|
| १ | प्रशासन | सहायक | पाँचौ | - | १०५ |
| २ | विविध | सहायक महिला विकास निरीक्षक | चौथो | - | १८ |
| ३ | प्रशासन | सहायक | चौथो | - | ८० |
| ४ | विविध | कम्प्यूटर अपरेटर | पाँचौ | ६ | |
| ५ | विविध | सहायक कम्प्यूटर अपरेटर | चौथो | १० | |
| जम्मा | | | | १६ | २०३ |

## ६.७ सामूहिक परीक्षण

आर्थिक वर्ष २०७८/७९ मा मेडिकल अधिकृत पदका लागि २३ जना उमेदवार तथा आर्थिक वर्ष २०७९/८० मा स्वास्थ्य सेवाका सातौं तहका लागि ३७ जना उमेदवार गरी कुल ६० जना उमेदवार सामुहिक छलफलमा सहभागी भएका थिए।

## ६.८ शारीरिक तन्दुरुस्ती परीक्षणमा अनियमितता गर्ने उमेदवारलाई गरिएको कारवाही

प्रदेश वन सेवा, जनरल फरेष्ट्रि समूह, सहायक तेस्रो तह, वन रक्षक पदको शारीरिक परीक्षण, २०० मिटर दौड र ३००० मिटर दौडको परीक्षामा नक्कली परीक्षार्थी खडा गरी आफ्नो परीक्षा दिन लगाउने देहायका उमेदवारलाई गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३० बमोजिम निजहरूको परीक्षा रद्ध गरी निजहरूलाई आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्षसम्म उमेदवार बन्न नपाउने गरी आयोगको निर्णयद्वारा निलम्बन गरिएको।

### तालिका नं. ३७
### शारीरिक तन्दुरुस्ती परीक्षणमा अनियमितता गर्ने उमेदवारलाई गरिएको कारवाही

| क्र.स. | परीक्षार्थीको नाम थर | मास्टर आई.डि. | रोल नं. | नागरिकता नं. | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|---|
| १ | खेमराज रावत | १४२८९५ | ११७१ | ६०/३५३ | सगुने/विउरा | रत्नखर |
| २ | विनोद गिरी | १३९८७४ | १०४० | ६०/८९७ | नन्द/जयलक्ष्मी | उदय |
| ३ | गुरुराज सञ्ज्याल | २०९५९ | १३१०३ | ६११०२१-८६८६/३०८२ | गोविन्द/रमादेवी | मोती प्रसाद |

परिच्छेद सात

# अन्तर्वार्ता तथा सिफारिस

## ७.१ अन्तर्वार्ता

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ को दफा ५५ मा उमेदवार छनौटको लागि अन्तर्वार्ता लिन आयोगको कार्यालयमा अध्यक्ष वा निजले तोकेको सदस्य वा अन्य कुनै व्यक्तिको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन हुने व्यवस्था छ। आ.व. २०७८/७९ का विज्ञापनहरूमा दुई हजार तीन सय चार जना उमेदवार अन्तरवार्ताको लागि छनौट भएकोमा उक्त आ.व मा दुई हजार एक सय २० जना उमेदवारको मात्र अन्तरवार्ता सम्पन्न भएको थियो भने बाँकी एक सय ८४ जना उमेदवारको प्रतिवेदन अवधिमा अन्तरवार्ता भएको र आ.व २०७९/८० मा थप एक सय ४१ जना उमेदवारको अन्तरवार्ता सम्पन्न भएको छ।प्रतिवेदन अवधिमा सञ्चालन गरिएको अन्तर्वार्तासम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३८

अन्तर्वार्तामा सहभागी उमेदवारको विवरण

| विवरण | आ.ब. २०७८/७९ | आ.ब.२०७९/८० | हालसम्म जम्मा |
|---|---|---|---|
| **प्रदेशतर्फः** | २९१ | ८१ | ३७२ |
| चौंथो | ११७ | ४ | १२१ |
| पाँचौं | १६६ | १४ | १८० |
| आठौं | ८ | - | ८ |
| सातौं | - | २८ | २८ |
| नवौं | - | ४६ | ४६ |
| एघारौं | - | १३ | १३ |
| **स्थानीय तहतर्फः** | १,८२९ | २२० | २,०४९ |
| चौंथो | १,४२९ | ९४ | १,५२३ |
| पाँचौं | ३९० | ११४ | ५०४ |
| आठौं | १० | - | १० |
| सातौं | - | १२ | १२ |
| **कुल जम्मा** | २,१२० | ३२५ | २,४४५ |

## ७.२ सिफारिस

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ को परिच्छेद ११ मा भएको व्यवस्थाबमोजिम उमेदवारले लिखित परीक्षामा प्राप्त गरेको अङ्क, सामूहिक छलफल/प्रयोगात्मक परीक्षा/सिप परीक्षणबाट प्राप्त गरेको अङ्क र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कसमेतका आधारमा योग्यताक्रम सूची तयार गरी छनौट भएका

उमेदवारहरूको नाम स्थायी नियुक्तिका लागि सम्बन्धित निकाय वा कार्यालयमा सिफारिस गरी पठाउने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम प्रतिवेदन अवधिमा आ.व. २०७८/७९ मा विज्ञापन भई सिफारिस हुन बाँकी र आ.व २०७९/८० मा विज्ञापन भई सिफारिस भएको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ।

तालिका नं. ३९

सिफारिस उमेदवारको विवरण

| तह | आ. ब. २०७८/७९ | | | आ व २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| चौंथो | ४१४ | ४८६ | ९०० | ३६ | ३९ | ७५ |
| पाँचौं | १०४ | १६९ | २७३ | २० | ६९ | ८९ |
| सातौं | | | ० | १० | ९ | १९ |
| आठौं | ४ | ७ | ११ | | | ० |
| नवौं | | | ० | ९ | २० | २९ |
| एघारौं | | | ० | २ | ३ | ५ |
| **कुल जम्मा** | ५२२ | ६६२ | १,१८४ | ७७ | १४० | २१७ |

**७.२.१ प्रदेश र स्थानीय तहमा सिफारिसको अवस्था**

आ.ब २०७८/७९ मा भएको विज्ञापनको स्थानीय तहतर्फ ४ विज्ञापनका नतिजा प्रकाशन भई अन्तरवार्ता र सिफारिसको क्रममा रहेका तथा प्रदेशतर्फका आ.ब. २०७९/८० मा अन्तरवार्ता सम्पन्न भएका समेत ३६ पदमा सिफारिस गरिएको छ विज्ञापन तथा सिफारिसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४०

प्रदेश र स्थानीय तहमा सिफारिसको अवस्था

| आ.व./विज्ञापन प्रकार | आ. ब. २०७८/७९ | | आ. ब. २०७९/८० | |
|---|---|---|---|---|
| | विज्ञापन सङ्ख्या | सिफारिस सङ्ख्या | विज्ञापन सङ्ख्या | सिफारिस सङ्ख्या |
| प्रदेश | १९ | ७५ | ३६ | ५३ |
| स्थानीय | २४ | १,१०९ | ४ | १६४ |
| | | १,१८४ | | २१७ |

**७.२.२ विज्ञापनको प्रकारअनुसार तहगत सिफारिसको अवस्था**

प्रदेश र स्थानीय तहमा सिफारिस भएको अवस्थालाई विश्लेषण गर्दा आ.ब. २०७८/७९ मा पाँचौं तहमा सिफारिस भएकोमा प्रतिवेदन अवधिमा नवौं तहमा सिफारिस भएको र स्थानीयतर्फ आ.ब. २०७८/७९ मा पाँचौं तहमा बढी सिफारिस भएकोमा प्रतिवेदन अवधिमा पनि सोही तहमा अधिक सिफारिस भएका छन्। हालसम्म आयोगबाट आ.प्र. र खुला तथा समावेशी समूहका विभिन्न तहका विज्ञापनहरूमा कुल एक हजार चार सय एक जना सिफारिस भएका छन्। सो को विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४१

विज्ञापनको प्रकार अनुसार तहगत सिफारिसको अवस्था

| आर्थिक वर्ष | तह | सिफारिस गरिएको समूह | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक प्रतिस्पर्धा | खुला | महिला | आ.ज. | मधेसी | दलित | |
| २०७८/७९ | चौंथो | - | ५८० | १४८ | ८२ | ६४ | २६ | ९०० |
| | पाँचौं | - | २०३ | ४७ | १५ | ५ | ३ | २७३ |
| | आठौं | - | ९ | २ | - | - | - | ११ |
| जम्मा | | - | ७९२ | १९७ | ९७ | ६९ | २९ | १,१८४ |
| २०७९/८० | चौंथो | - | ५१ | १२ | १० | २ | - | ७५ |
| | पाँचौं | - | ५१ | १४ | २१ | २ | १ | ८९ |
| | सातौं | - | १६ | २ | १ | - | - | १९ |
| | नवौं | १ | २३ | ४ | १ | - | - | २९ |
| | एघारौं | - | ५ | - | - | - | - | ५ |
| जम्मा | | १ | १४६ | ३२ | ३३ | ४ | १ | २१७ |
| कुल जम्मा | | १ | ९३८ | २२९ | १३० | ७३ | ३० | १,४०१ |

### ७.२.३ सेवागत सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा प्रदेश र स्थानीय तहका सरकारी सेवामा स्थायी नियुक्तिका लागि सिफारिस भएका दुई सय १७ जना उमेदवारको सेवागत सिफारिसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४२

सेवागत सिफारिस विवरण

| सेवा | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| आर्थिक योजना तथा तथ्याङ्क | ३ | | ३ |
| इन्जिनियरिङ | २२१ | | २२१ |
| कृषि | २७० | १ | २७१ |
| न्याय | | १ | १ |
| प्रशासन | | १४७ | १४७ |
| विविध | ४ | १६ | २० |
| शिक्षा | ९ | | ९ |
| स्वास्थ्य | ६७७ | ५२ | ७२९ |
| कुल जम्मा | १,१८४ | २१७ | १,४०१ |

### ७.२.५ स्थानीय तहगत सिफारिसको अवस्था

हालसम्म प्रदेशतर्फ एक सय २८ जना उमेदवारहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा सिफारिस भएका छन् भने एक हजार दुई सय ७३ जना उमेदवारहरू स्थानीय तहमा सिफारिस गरी पठाइएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.४३

स्थानीय तहगत सिफारिसको अवस्था

| जिल्ला / स्थानीय तह | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| कास्की (५/५) | ५९ | १६ | ७५ |
| अन्नपूर्ण गाउँपालिका | ४ | - | ४ |
| पोखरा महानगरपालिका | ३२ | १६ | ४८ |
| माछापुच्छ्रे गाउँपालिका | ९ | - | ९ |
| माछापुच्छ्रे गाउँपालिका | ३ | - | ३ |
| मादी गाउँपालिका | ७ | - | ७ |
| रूपा गाउँपालिका | ४ | - | ४ |
| गोरखा (१०/११) | १९५ | १६ | २११ |
| अजिरकोट गाउँपालिका | १८ | ३ | २१ |
| आरूघाट गाउँपालिका | १७ | २ | १९ |
| गण्डकी गाउँपालिका | २९ | २ | ३१ |
| चुमनुब्री गाउँपालिका | १६ | - | १६ |
| धार्चे गाउँपालिका | २६ | ३ | २९ |
| पालुङटार नगरपालिका | ६ | १ | ७ |
| बारपाक सुलिकोट गाउँपालिका | २४ | २ | २६ |
| भीमसेन थापा गाउँपालिका | २१ | ३ | २४ |
| सहिद लखन गाउँपालिका | १२ | - | १२ |
| सिरानचोक गाउँपालिका | २६ | - | २६ |
| तनहुँ (१०/१०) | १०७ | २२ | १२९ |
| आँबुखैरेनी गाउँपालिका | ७ | ५ | १२ |
| ऋषिङ्ग गाउँपालिका | २५ | २ | २७ |
| घिरिङ गाउँपालिका | ६ | - | ६ |
| देवघाट गाउँपालिका | १२ | २ | १४ |
| बन्दिपुर गाउँपालिका | ७ | १ | ८ |

| जिल्ला / स्थानीय तह | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| भानु नगरपालिका | १० | ३ | १३ |
| भिमाद नगरपालिका | २४ | ८ | ३२ |
| म्याग्दे गाउँपालिका | ६ | १ | ७ |
| व्यास नगरपालिका | ९ | - | ९ |
| शुक्लागण्डकी नगरपालिका | १ | - | १ |
| नवलपरासी(व.सु.पू)(७/८) | ५४ | १६ | ७० |
| कावासोती नगरपालिका | २ | - | २ |
| गैंडाकोट नगरपालिका | १ | - | १ |
| देवचुली नगरपालिका | २ | - | २ |
| बिनयी त्रिवेणी गाउँपालिका | ११ | ४ | १५ |
| बुलिङटार गाउँपालिका | १० | ४ | १४ |
| बौदीकाली गाउँपालिका | २२ | ८ | ३० |
| हुप्सेकोट गाउँपालिका | ६ | - | ६ |
| पर्वत (७/७) | १२६ | १३ | १३९ |
| कुश्मा नगरपालिका | १ | - | १ |
| जलजला गाउँपालिका | १८ | - | १८ |
| पैयूँ गाउँपालिका | १६ | १ | १७ |
| फलेवास नगरपालिका | २९ | ४ | ३३ |
| महाशिला गाउँपालिका | २१ | ४ | २५ |
| मोदी गाउँपालिका | १३ | - | १३ |
| विहादी गाउँपालिका | २८ | ४ | ३२ |
| बागलुङ (९/१०) | ८१ | २४ | १०५ |
| काठेखोला गाउँपालिका | २ | - | २ |
| गल्कोट नगरपालिका | १० | ५ | १५ |
| जैमिनी नगरपालिका | ८ | ३ | ११ |
| तमानखोला गाउँपालिका | - | १ | १ |
| ताराखोला गाउँपालिका | १ | ३ | ४ |
| निसीखोला गाउँपालिका | १४ | ६ | २० |
| बाग्लुङ नगरपालिका | ४ | - | ४ |
| वडिगाड गाउँपालिका | १९ | ३ | २२ |

| जिल्ला / स्थानीय तह | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| वरेङ गाउँपालिका | २३ | ३ | २६ |
| मनाङ (४/४) | ३५ | ८ | ४३ |
| चामे गाउँपालिका | १२ | ५ | १७ |
| नार्पा भूमि गाउँपालिका | ६ | - | ६ |
| नार्सों गाउँपालिका | - | १ | १ |
| मनाङ ङिस्याङ गाउँपालिका | १७ | २ | १९ |
| मुस्ताङ (५/५) | ६८ | ७ | ७५ |
| घरपझोङ गाउँपालिका | ४ | - | ४ |
| थासाङ गाउँपालिका | २३ | १ | २४ |
| लो-घेकर दामोदरकुण्ड गाउँपालिका | १८ | २ | २० |
| लोमन्थाङ गाउँपालिका | ९ | १ | १० |
| वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | १४ | ३ | १७ |
| म्याग्दी (६/६) | १०७ | ७ | ११४ |
| अन्नपूर्ण गाउँपालिका | ३७ | ३ | ४० |
| धवलागिरी गाउँपालिका | २१ | - | २१ |
| बेनी नगरपालिका | ७ | १ | ८ |
| मंगला गाउँपालिका | १० | - | १० |
| मालिका गाउँपालिका | १४ | २ | १६ |
| रघुगंगा गाउँपालिका | १८ | १ | १९ |
| लमजुङ (८/९) | ११५ | १३ | १२८ |
| क्व्होलासोथार गाउँपालिका | २२ | २ | २४ |
| दुधपोखरी गाउँपालिका | १ | - | १ |
| दूधपोखरी गाउँपालिका | ६ | ३ | ९ |
| दोर्दी गाउँपालिका | १७ | १ | १८ |
| बेसीशहर नगरपालिका | १० | - | १० |
| मर्स्याङदी गाउँपालिका | २४ | ४ | २८ |
| राईनास नगरपालिका | ८ | २ | १० |
| सुन्दरबजार नगरपालिका | २७ | १ | २८ |
| स्याङ्जा (११/११) | १६२ | २२ | १८४ |
| अर्जुनचौपारी गाउँपालिका | १२ | २ | १४ |

| जिल्ला / स्थानीय तह | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| आँधिखोला गाउँपालिका | २१ | - | २१ |
| कालीगण्डकी गाउँपालिका | ११ | १ | १२ |
| गल्याङ नगरपालिका | ३२ | ४ | ३६ |
| चापाकोट नगरपालिका | २४ | ४ | २८ |
| पुतलीबजार नगरपालिका | १५ | १ | १६ |
| फेदीखोला गाउँपालिका | ३ | २ | ५ |
| बिरुवा गाउँपालिका | १९ | २ | २१ |
| भीरकोट नगरपालिका | १२ | ४ | १६ |
| वालिङ नगरपालिका | २ | - | २ |
| हरिनास गाउँपालिका | ११ | २ | १३ |
| **कुल जम्मा** (८१/८५) | १,१०९ | १६४ | १,२७३ |

केही स्थानीय तहहरूमा माग नभएकोले हालसम्म कुनै पनि उमेदवार सिफारिस हुन सकेका छैनन् ।

**तालिका नं. ४४**

**माग नभई सिफारिस हुन नसकेका स्थानीय तहहरू**

| जिल्ला | स्थानीय तह |
|---|---|
| गोरखा | गोरखा नगरपालिका |
| लमजुङ | मध्यनेपाल नगरपालिका |
| वागलुङ | ढोरपाटन नगरपालिका |
| नवलपरासी | मध्यबिन्दु नगरपालिका |

### ७.२.६ सिफारिस भएका उमेदवारको भौगोलिक विवरण

प्रतिवेदन अवधिमा सिफारिस भएका उमेदवारले दरखास्त फाराममा उल्लेख गरेको स्थायी ठेगानाको आधारमा कुल सङ्ख्यालाई भौगोलिक क्षेत्र, प्रदेश तथा जिल्लागत आधारमा वर्गीकरण गरी तल प्रस्तुत गरिएको छ ।

**क) भौगोलिक विवरण**

प्रतिवेदन अवधिमा उमेदवारहरूले पेश गरेको विवरणको आधारमा तालिकीकरण गर्दा पहाडी क्षेत्रबाट अधिक सङ्ख्यामा सिफारिस भएको देखिन्छ भने हिमाली क्षेत्रबाट सिफारिस हुनेको सङ्ख्या न्यून देखिन्छ । हिमाल, पहाड र तराई क्षेत्रबाट सिफारिस भएका उमेदवारहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ४५
### सिफारिस उमेदवारको भौगोलिक विवरण

| भौगोलिक क्षेत्र | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० |
|---|---|---|
| | सिफारिस प्रतिशतमा | सिफारिस प्रतिशतमा |
| तराई | ४२.०० | ४०.१० |
| पहाड | ४५.०० | ४६.५३ |
| हिमाल | १३.०० | १३.३७ |
| **जम्मा** | १०० | १०० |

**ख) प्रादेशिक विवरण**

प्रतिवेदन अवधिमा उमेदवारहरूले पेश गरेको विवरणको आधारमा प्रदेशगत रूपमा तालिकीकरण गर्दा सबैभन्दा बढी मधेश प्रदेशबाट ३६५ जना अर्थात् ३०.८३ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. १ बाट ६२ जना अर्थात ५.२४ प्रतिशत सिफारिस भएको देखिन्छ। उमेदवारहरूको प्रदेशगत सिफारिस विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका नं. ४६
### सिफारिस हुने उमेदवारको प्रादेशिक विवरण

| प्रदेश | आ.ब. २०७८/७९ | | आ.ब. २०७९/८० | |
|---|---|---|---|---|
| | सिफारिस सङ्ख्या | प्रतिशत | सिफारिस सङ्ख्या | प्रतिशत |
| गण्डकी | १७५ | १४.७८ | ७८ | ३५.९४ |
| कोशी | ६३ | ५.३२ | १७ | ७.८३ |
| मधेश | ३६४ | ३०.७४ | १३ | ५.९९ |
| बागमती | ८३ | ७.०१ | २० | ९.२२ |
| लुम्बिनी | १२३ | १०.३९ | ५९ | २७.१९ |
| कर्णाली | २०८ | १७.५७ | १६ | ७.३७ |
| सुदुर पश्चिम | १६८ | १४.१९ | १४ | ६.४५ |
| **कुल जम्मा** | १,१८४ | १०० | २१७ | १०० |

**ग) जिल्लागत विवरण**

हालसम्म सिफारिस भएका उमेदवारहरूको जिल्लागत विश्लेषण गर्दा आ.ब २०७८/७९ मा उमेदवार सिफारिस भएका लगायतका दुई सय सात जना सिफारिस भएका सप्तरी, बाजुरा,अछाम, कालिकोट समेतका बाइस जिल्लाका उमेदवारहरू यस आ.व मा समेत सोही अनुपातमा सिफारिस हुन सकेनन् भने यस आ.व.मा ५४ जिल्लाबाट मात्र उमेदवारहरू सिफारिस भएका छन्। यस वर्ष सिफारिस हुने उमेदवारहरूको जिल्लागत सिफारिससम्बन्धी विवरणको तुलनात्मक तालिका तल प्रस्तुत गरिएको छ।

तालिका नं. ४७

सिफारिस उमेदवारको जिल्लागत विवरण

| जिल्ला | आ.ब २०७८/७९ | आ.ब २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| **गण्डकी प्रदेश** | १७५ | ७८ | २५३ |
| कास्की | ३८ | २३ | ६१ |
| गोरखा | २० | ६ | २६ |
| तनहुँ | २२ | ६ | २८ |
| नवलपरासी | ५ | २ | ७ |
| पर्वत | १८ | ९ | २७ |
| बागलुङ | ३२ | ७ | ३९ |
| मनाङ | - | - | - |
| मुस्ताङ | १ | - | १ |
| म्याग्दी | ७ | ५ | १२ |
| लमजुङ | ७ | ४ | ११ |
| स्याङ्जा | २५ | १६ | ४१ |
| **कोशी प्रदेश** | ६३ | १७ | ८० |
| इलाम | ४ | - | ४ |
| उदयपुर | ६ | ४ | १० |
| ओखलढुंगा | १० | - | १० |
| खोटाङ | १० | ४ | १४ |
| झापा | ३ | २ | ५ |
| ताप्लेजुङ | १ | - | १ |
| तेह्रथुम | १ | - | १ |
| धनकुटा | ४ | १ | ५ |
| पाँचथर | १ | २ | ३ |
| भोजपुर | २ | १ | ३ |
| मोरङ | ७ | १ | ८ |
| संखुवासभा | ४ | २ | ६ |
| सुनसरी | ५ | - | ५ |
| सोलुखुम्बु | ५ | - | ५ |
| **मधेश प्रदेश** | ३६४ | १३ | ३७७ |
| धनुषा | ५० | २ | ५२ |

| जिल्ला | आ.ब २०७८/७९ | आ.ब २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| पर्सा | ११ | १ | १२ |
| बारा | ४२ | ३ | ४५ |
| महोत्तरी | ७२ | ३ | ७५ |
| रौतहट | ४५ | २ | ४७ |
| सप्तरी | ४७ | - | ४७ |
| सर्लाही | ६० | १ | ६१ |
| सिराहा | ३७ | १ | ३८ |
| **बागमती प्रदेश** | ८३ | २० | १०३ |
| काठमाण्डौ | ६ | ६ | १२ |
| काभ्रेपलाञ्चोक | ५ | १ | ६ |
| चितवन | ८ | ६ | १४ |
| दोलखा | ७ | १ | ८ |
| धादिङ | ७ | १ | ८ |
| नुवाकोट | ४ | - | ४ |
| भक्तपुर | ६ | - | ६ |
| मकवानपुर | ८ | - | ८ |
| रसुवा | ४ | - | ४ |
| रामेछाप | ८ | २ | १० |
| ललितपुर | १ | - | १ |
| सिन्धुपाल्चोक | ९ | २ | ११ |
| सिन्धुली | १० | १ | ११ |
| **लुम्बिनी प्रदेश** | १२३ | ५९ | १८२ |
| अर्घाखाँची | ६ | ८ | १४ |
| कपिलवस्तु | १० | - | १० |
| गुल्मी | ९ | २२ | ३१ |
| दाङ | २० | ६ | २६ |
| नवलपरासी ब.स.प. | ८ | १ | ९ |
| पाल्पा | ७ | ३ | १० |
| प्यूठान | ८ | ६ | १४ |
| बर्दिया | १७ | ३ | २० |
| बाँके | ४ | २ | ६ |

| जिल्ला | आ.ब २०७८/७९ | आ.ब २०७९/८० | कुल जम्मा |
|---|---|---|---|
| रुकुम पूर्व | ३ | १ | ४ |
| रुपन्देही | १३ | ६ | १९ |
| रोल्पा | १८ | १ | १९ |
| **कर्णाली प्रदेश** | २०८ | १६ | २२४ |
| कालीकोट | १६ | - | १६ |
| जाजरकोट | १२ | १ | १३ |
| जुम्ला | १० | २ | १२ |
| डोल्पा | ४ | - | ४ |
| दैलेख | १५ | ३ | १८ |
| मुगु | ११ | - | ११ |
| रुकुम पश्चिम | ७८ | ३ | ८१ |
| सल्यान | ३२ | ३ | ३५ |
| सुर्खेत | १६ | ४ | २० |
| हुम्ला | १४ | - | १४ |
| **सुदुर पश्चिम प्रदेश** | १६८ | १४ | १८२ |
| अछाम | १६ | - | १६ |
| कञ्चनपुर | २३ | ३ | २६ |
| कैलाली | १८ | ५ | २३ |
| डडेल्धुरा | १० | - | १० |
| डोटी | १२ | - | १२ |
| दार्चुला | २८ | १ | २९ |
| बझाङ | २१ | १ | २२ |
| बाजुरा | १७ | - | १७ |
| बैतडी | २३ | ४ | २७ |
| **कुल जम्मा** | १,१८४ | २१७ | १,४०१ |

### ७.३ वैकल्पिक उमेदवार सिफारिस

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ को दफा ६३ को व्यवस्थाबमोजिम हालसम्म जम्मा १६२ जना वैकल्पिक उमेदवारको सूचीमा रहेका उमेदवारहरूलाई सम्बन्धित निकायमा वा कार्यालयमा सिफारिस गरिएको थियो । वैकल्पिक सिफारिस भइ पदपूर्ति गरिएका उमेदवारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४८

बैकल्पिक उमेदवार सिफारिस विवरण

| तह र सेवा | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० |
|---|---|---|
| **नवौं** | - | ३ |
| स्वास्थ्य | - | ३ |
| **आठौं** | १ | - |
| स्वास्थ्य | १ | - |
| **सातौं** | - | ३ |
| स्वास्थ्य | - | ३ |
| **पाँचौं** | - | ३९ |
| इन्जिनियरिङ | - | ११ |
| कृषि | - | ४ |
| तथ्याङ्क | - | १ |
| प्रशासन | - | १४ |
| विविध | - | २ |
| शिक्षा | - | २ |
| स्वास्थ्य | - | ५ |
| **चौंथो** | ३ | ११३ |
| इन्जिनियरिङ | - | २० |
| कृषि | १ | १२ |
| प्रशासन | - | १० |
| विविध | - | १ |
| स्वास्थ्य | २ | ७१ |
| **कुल जम्मा** | ४ | १५८ |

### ७.४ माग पदको तुलनामा सिफारिस

प्रदेश र स्थानीय तहबाट माग आकृति फारम प्राप्त भएको तर प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ मा सम्बन्धित पदहरूको शैक्षिक योग्यता निर्धारण नभएकोले कार्यतालिका बमोजिम समयमै माग प्राप्त भएका पदहरूको पदपूर्ति हुन सकेन भने प्रतिशत निर्धारण गर्दा बढुवातर्फ छुट्याइएका पदहरू पदपूर्तिको प्रकृयामा रहेका छन्। विज्ञापन भएका केही पदहरूमा दरखास्त नपर्ने, उमेदवार उत्तीर्ण हुन नसक्ने लगायतका कारण सिफारिस हुन नसकेकोले माग बमोजिम पदपूर्ति हुन सकेन। यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४९

माग र पदपूर्ति

| तह | माग प्राप्त | | जम्मा | सिफारिस | | जम्मा | पदपूर्ति नभएका र प्रकृयामा रहेका |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | | |
| एघारौं | - | ७ | ७ | - | ५ | ५ | २ |
| नवौं | ४८ | ५० | ९८ | - | २९ | २९ | ६९ |
| आठौं | १३ | ६ | १९ | ११ | | ११ | ८ |
| सातौं | २१ | ४६ | ६७ | - | १९ | १९ | ४८ |
| छैटौं | - | ९८ | - | - | - | - | - |
| पाँचौं | ५६१ | - | ५६१ | २७३ | ८९ | ३६२ | १९९ |
| चौंथो | ९९३ | - | ९९३ | ९०० | ७५ | ९७५ | १८ |
| तेस्रो | - | १०० | १०० | - | - | - | १०० |
| **जम्मा** | १,६३६ | ३०७ | १,९४३ | १,१८४ | २१७ | १४.०१ | ५४२ |

# समावेशी पदपूर्ति

सार्वजनिक सेवामा समावेशीकरणका लागि प्रचलित कानुनमा भएको व्यवस्था अनुरुप आयोगले प्रतिवेदन अवधिमा तोकिएका समावेशी समूहका उमेदवारबिच प्रतिस्पर्धा गराई पदपूर्ति गरेको छ। यसका लागि निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा रहेको प्रावधान अनुरूप खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शत प्रतिशत मानी महिलाको लागि ३३ प्रतिशत, आदिवासी जनजातिका लागि २७ प्रतिशत, मधेसीका लागि २२ प्रतिशत, दलितका लागि नौ प्रतिशत, अपाङ्गता भएका व्यक्तिका लागि पाँच प्रतिशत र पिछडिएको क्षेत्रको लागि चार प्रतिशत पदहरू छुट्टयाई सोही समूहभित्रकै उमेदवारहरू बिच प्रतिस्पर्धा गराई आएकोमा सम्वत् २०७९ फागुनमा जारी भएको गण्डकी प्रदेश निजमती सेवा ऐन, २०७९ को दफा १० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ मा भएको समावेशी पदपूर्ति सम्बन्धी व्यवस्था वमोजिम प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायक तेस्रो तह, वन रक्षक पदको लागि प्रतिशत निर्धारण गरी पदपूर्ति प्रकृया अगाडि बढाईएको छ।

## ८.१ समावेशी समूहतर्फ विज्ञापन

प्रतिवेदन अवधिमामा खुला तर्फ २५ विज्ञापन सङ्ख्याबाट ८१ पद सङ्ख्या तथा समावेशीतर्फ २६ विज्ञापन सङ्ख्यावाट ६३ पद सङ्ख्याको विज्ञापन भएको छ। गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम समावेशी समूहहरूतर्फ पहिलो पटक तेस्रो तहमा महिला, आ.ज., अपाङ्ग, थारु, दलित, मधेसी, मुस्लिम, आर्थिक रूपले विपन्न खस आर्य समूहमा विज्ञापन प्रकाशन गरिएको छ। गत आ.व. र यस आ.व. मा विज्ञापन भएका पदसङ्ख्याको स्थितिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५०

समावेशी समूहगत विज्ञापनको विवरण

| क्र. सं | विवरण | आ.ब. २०७८/७९ | | आ.ब. २०७९/८० मा | |
|---|---|---|---|---|---|
| | | विज्ञापन सं. | पद सं. | विज्ञापन सं. | पद सं. |
| ३ | खुला | ६४ | ९३० | २५ | ८१ |
| | **समावेशीतर्फ** | ६६ | ४६१ | २६ | ६३ |
| ४ | महिला | ३२ | २२७ | १४ | २८ |
| ५ | आदिवासी/जनजाति | १४ | १३१ | ५ | १६ |
| ६ | मधेशी | ११ | ७३ | २ | २ |
| ७ | दलित | ९ | ३० | १ | ७ |
| ८ | आर्थिकरूपले विपन्न खस आर्य | | | १ | ५ |
| ९ | अपाङ्गता भएका व्यक्ति | | | १ | २ |
| १० | थारु | | | १ | २ |
| ११ | मुस्लिम | | | १ | १ |
| | **जम्मा** | १४३ | १,४०६ | ५१ | १४४ |

## ८.२ समावेशी विज्ञापनमा दरखास्त सङ्ख्या

प्रतिवेदन अवधिमा खुला तथा समावेशी तर्फ २४ विज्ञापनबाट ४७ खुला तथा समावेशी समूहका विज्ञापन सङ्ख्या प्रकाशन भएकोमा २३,२२४ दरखास्त परेको थियो ।

तालिका नं. ५१

समावेशी विज्ञापनमा दरखास्त सङ्ख्या (आ.ब. २०७९/८०)

| तह | खुला | समावेशी जम्मा | महिला | आ.ज. | दलित | विपन्न खस आर्य | अपाङ्ग | थारु | मुस्लिम | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एघारौं | ३५ | - | - | - | - | - | - | - | - | - | ३५ |
| नवौं | २२७ | ८६ | ७५ | ११ | - | - | - | - | - | - | ३१३ |
| तेस्रो | १३,२१२ | ९,६६५ | २,६७५ | २,३०१ | १,२१५ | १,१६५ | ३३७ | ४५९ | ५४ | १,४५८ | २२,८७६ |
| जम्मा | १३,४७४ | ९,७५० | २,७५४ | २,३१२ | १,२१५ | १,१६५ | ३३७ | ४५९ | ५४ | १,४५८ | २३,२२४ |

## ८.३ समावेशी समूहतर्फ सिफारिसको अवस्था

हालसम्म एक हजार चार सय एक जना उमेदवार नियुक्तिका लागि प्रदेश र स्थानीय तहमा सिफारिस गरी पठाइएको छ। प्रतिवेदन अवधिमा समावेशी समूहतर्फ महिला समूहमा गरिएको विज्ञापनमा ३२, आदिवासी/जनजाति समूहमा ३३, मधेशी समूहमा चार र दलित समूहमा एक जना उमेदवार सिफारिस गरिएको छ। यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५२

समावेशी समूहगत सिफारिस विवरण


| समावेशी | आ.ब. २०७८/७९ | | | आ.ब. २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| महिला | १९७ | - | १९७ | ३२ | | ३२ |
| आदिवासी/जनजाति | ४१ | ५६ | ९७ | ७ | २६ | ३३ |
| मधेसी | १६ | ५३ | ६९ | १ | ३ | ४ |
| दलित | ७ | २२ | २९ | | १ | १ |
| समावेशी जम्मा | २६१ | १३१ | ३९२ | ४० | ३० | ७० |
| खुला | १५२ | ६४० | ७९२ | ४४ | १०२ | १४६ |
| आ.प्र. | | | | | १ | १ |
| **कुल जम्मा** | ४१३ | ७७१ | १,१८४ | ८४ | १३३ | २१७ |
| समावेशी प्रतिशत* | ६३.२० | १६.९९ | ३३.११ | ४७.६२ | २२.५६ | ३२.२६ |

** समावेशी जम्मा/कुल जम्मा*

### ८.२.१ समावेशी समूहमा महिला सिफारिसको अवस्था

हालसम्म खुला र समावेशी विज्ञापनसमेत गरी जम्मा छ सय ३६ जना महिला उमेदवार स्थायी नियुक्तिको लागि सिफारिस भएका छन् भने समावेशी समूहतर्फ महिलाहरूको लागि मात्र गरिएको विज्ञापनमा कुल दुई सय २९ जना उमेदवार सिफारिस भएका छन् । यो सङ्ख्या कुल सिफारिस सङ्ख्याको २३.९८ प्रतिशत हुन आउँछ । यसको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**समावेशी समूहमा महिला सिफारिसको अवस्था**





चित्र नं. ४

### ८.२.२ दलित समूहमा महिला सिफारिसको अवस्था

हालसम्म दलित समुदायको लागि लक्षित विज्ञापनबाट सात जना महिला र २३ जना पुरुष गरी ३० जना उमेदवार सिफारिस भएका छन् । यसको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**दलित समूहमा महिला सिफारिसको अवस्था**




चित्र नं. ५

### ८.२.३ आदिवासी ⁄ जनजाति समूहमा महिला सिफारिसको अवस्था

हालसम्म आदिवासी/जनजातिका लागि लक्षित विज्ञापनमा ४८ जना महिला र ८२ जना पुरुष गरी जम्मा एक सय ३० जना उमेदवार सिफारिस भएका छन् । यसको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।



चित्र नं. ६

### ८.२.४ मधेशी समूहमा महिला सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा मधेशी समूहलाई लक्षित विज्ञापनमा १७ जना महिला र ५६ जना पुरुष गरी जम्मा ७३ जना उमेदवार सिफारिस भएका छन् । यसको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**मधेशी समूहमा महिला सिफारिसको अवस्था**



चित्र नं. ७

परिच्छेद नौ

# उजुरी, परामर्श र प्रतिरक्षा

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ को उपदफा (५) मा विभिन्न विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। सोही व्यवस्था अनुरुप प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको सेवा शर्त सम्बन्धी विषयको कानुन निर्माणका क्रममा परामर्श माग भई आउने गरेका छन्। आयोगको नियमित कामकारवाहीका सम्बन्धमा विभिन्न निकायमार्फत उजुरी तथा गुनासो प्राप्त हुने गरेको र त्यस्ता उजुरी तथा गुनासोलाई आयोगले आवश्यक सम्बोधन गर्दै आएको छ। यसका साथै आयोगले प्रकाशन गर्ने विज्ञापन, दरखास्त सङ्कलन, शैक्षिक योग्यता, बढुवाका प्रावधान लगायतका विषयमा आयोगलाई विपक्षी बनाई विभिन्न अदालतमा रिट/निवेदन दायर हुने गरेका र त्यस्ता रिट/निवेदनमा मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत् आयोगको तर्फबाट प्रतिरक्षा हुँदै आएको छ भने प्रतिरक्षाका लागि आवश्यक पर्ने प्रमाण तथा कागजात सङ्कलनमा आयोगको सम्बन्धित शाखाबाट आवश्यक समन्वय हुँदै आएको छ।

## ९.१ उजुरी

प्रतिवेदन अवधिमा स्थानीय तहबाट कर्मचारीको तह वृद्धि गरेको विषयसँग सम्बन्धित दुई वटा र उमेदवार सिफारिससँग सम्बन्धित एक वटा उजुरी उपर आवश्यक छानबिन गरी कारबाही गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आएको थियो। उक्त उजुरीमध्ये एक उजुरी उपर स्थानीय तहको स्थलगत निरीक्षण र कागजात सङ्कलन गरी आयोगमा प्रतिवेदन पेश गरिएको र अन्य दुई उजुरीका सम्बन्धमा सम्बन्धित निकायबाट कागजात माग गरी सो को व्यहोरा आयोगसमक्ष पेश गरिएको थियो। सो सम्बन्धमा आयोगको बैठकबाट आवश्यक निर्णय भई सोको व्यहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत सम्बन्धित निकायलाई जानकारी गराइएको थियो।

## ९.२ परामर्श

प्रतिवेदन अवधिमा कर्मचारीहरूको सेवाका शर्तहरू विषयमा कानुन निर्माण गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्थाअन्तर्गत चार वटा परामर्श माग भई आएको थियो। गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ तथा ती दुबै अध्यादेशको प्रतिस्थापन विधेयकको मस्यौदा उपर परामर्श प्रदान गरिएको थियो। यसका साथै गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान कर्मचारी विनियमावली, २०७९ को मस्यौदा उपर परामर्श उपलब्ध गराइएको थियो।

तालिका नं. ५३

परामर्श

| आ.ब. | परामर्श दिइएको सङ्ख्या |
|---|---|
| २०७८/७९ सम्म | ८ |
| २०७९/८० सम्म | ६ |

## ९.३ प्रतिरक्षा

प्रतिवेदन अवधिमा आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालत र उच्च अदालत पोखरामा गरी जम्मा १५ वटा रिट निवेदन दायर भएकोमा सबैभन्दा बढी ५ वटा रिट निवेदन आयोगको परामर्शविना स्थानीय तहबाट जारी भएका ऐन र सो ऐनबमोजिम भएका तहवृद्धि समेतका निर्णय बदर गरिए उपर दायर भएको देखिन्छ भने शैक्षिक योग्यता सम्बन्धी विषयमा १ थान रिट दायर भएको देखिन्छ। दायर भएका रिटहरूमध्ये ५ थान रिट खारेज भएका छन् भने ३ थान रिट निवेदन निवेदकबाट फिर्ता भएका छन्। हाल ७ थान रिट विचाराधीन अवस्थामा रहेका छन्। जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५४
प्रतिरक्षा

| आयोगलाई विपक्षी बनाई विभिन्न अदालतमा दायर भएका रिट/निवेदनको स्थिति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | रिट निवेदनको प्रकृति | दायर गरिएको अदालतगत लगत सङ्ख्या | | | फछ्र्यौट | | | | विचाराधीन |
| | | सर्वोच्च अदालत | उच्च अदालत पोखरा | जम्मा | रिट खारेज | रिट जारी | निवेदन फिर्ता/अन्य | जम्मा | |
| १ | परामर्श विना जारी भएका ऐन बदरको निर्णय उपर दायर भएका | ५ | | ५ | | | ३ | ३ | २ |
| २ | विज्ञापन प्रकाशन सम्बन्धी | २ | १ | ३ | २ | | | २ | १ |
| ३ | पाठ्यक्रम सम्बन्धी | | १ | १ | १ | | | १ | ० |
| ४ | शैक्षिक योग्यता सम्बन्धी | १ | २ | ३ | २ | | | २ | १ |
| ५ | बढुवासम्बन्धी | ३ | | ३ | | | | ० | ३ |
| | जम्मा | ११ | ४ | १५ | ५ | ० | ३ | ८ | ७ |

परिच्छेद दश

# साङ्गठनिक सुधार र नवप्रवर्तन

## १०.१ रणनीतिक योजना निर्माण

आयोग स्थापनाको सुरुआती अवस्थामा रहेको कारण वार्षिक कार्ययोजना निर्माण गरी तोकिएको काम कारवाही सम्पन्न हुँदै आएको छ। काम कारबाहीलाई योजनाबद्ध र व्यवस्थित रूपमा अगाडि बढाउन रणनीतिक योजना निर्माण गर्ने सोंच राखिएको छ।

## १०.२ सेवाग्राही र विज्ञहरूको सङ्लग्नता अभिवृद्धि

आयोगको अनलाइन पोर्टल ppsc .gandaki .gov .np मार्फत् आयोगको विज्ञापनमा इच्छुक उमेदवारहरूले आवेदन गर्न पाउने व्यवस्था गरिएको छ। आर्थिक बर्ष २०७९/०८० सम्ममा दुई लाख नौ हजार सात सय नौ आवेदकहरूले यस अनलाइन प्रणालीको प्रयोग गरेको देखिन्छ। त्यसै गरी दक्ष वा विशेषज्ञको सूचीमा समावेश हुन चाहने व्यक्तिहरूको लागि अनलाइन प्रणालीमार्फत् समेत सूचीकृत हुन सक्ने व्यवस्था मिलाइएको छ। साथै सेवाग्राही एवम् सरोकारवालाहरूले आयोगको कामकारबाहीका बारेमा अनलाइन पोर्टलमार्फत् पृष्ठपोषण दिन सक्ने व्यवस्था गरी सहभागितामूलक प्रणालीलाई प्रवर्द्धन गर्न खोजिएको छ।

## १०.३ संस्थागत क्षमता अभिवृद्धि

आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्न प्रदेश सरकार, लोक सेवा आयोग तथा विभिन्न निकायहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। यस कार्यअन्तर्गत आयोगले कर्मचारीहरूको लागि अभिमुखीकरण, तालिम, सेमिनार, गोष्ठी, लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनमा कर्मचारीहरूको समेत सहभागिता, अवलोकन भ्रमण, लोक सेवा आयोग र अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रमहरूमा सहभागिता रहने कार्यलाई निरन्तरता दिँदै आएको छ। साथै निकट भविष्यमा आयोगका क्रियाकलापहरूलाई सूचना प्रविधिमैत्री बनाउन दीर्घकालीन रणनीति अनुरुप थप प्रभावकारी बनाउने योजना रहेको छ।

## १०.४ पूर्वाधार विकास

आयोगको कार्यालयलाई व्यवस्थित तुल्याउन सवारी साधन, भवन, प्रयोगशाला, पुस्तकालय लगायत विभिन्न पूर्वाधारको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइएको छ। आयोगको कार्यालय नजिक तीनकुनेमा रहेको नागरिक उड्ययन प्राधिकरणको जग्गा भाडामा लिई हाल घेरावार गरी सम्याउने कार्य सम्पन्न गरिएको छ। उक्त स्थानमा परीक्षा हल र सवारी साधन पार्किङ्ग स्थल निर्माण गर्ने कार्य अगाडि बढाइएको छ।

## १०.५ व्यवस्थापकीय विषयहरूमा सुधार

आयोगको कर्मचारी सङ्गठन तालिकामा उल्लेख भएका महाशाखा र शाखामा कर्मचारीको पदपूर्ति हुँदै गएको छ। प्रतिवेदन अवधिमा आयोगमा रहेका चार वटा महाशाखा मध्ये चार वटै महाशाखामा महाशाखा प्रमुख र आठ वटा शाखामा आवश्यक जनशक्ति व्यवस्थापन भएको छ। विज्ञापन भएका पदहरूमा पेश गरिने दरखास्त दस्तुरलाई अनलाइन प्रणालीमार्फत् सोझै राजश्व खातामा जम्मा हुने व्यवस्थालाई निरन्तरता दिइएको छ।

### १०.६ लोक सेवा आयोगहरूको सम्मेलन

लोक सेवा आयोगको आयोजनामा मिति २०७९ साल फागुन १९ र २० गते सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा आयोजित **लोक सेवा आयोग र सातै प्रदेश लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन** सम्पन्न भएको थियो। कार्यक्रममा लोक सेवा आयोगका अध्यक्ष, पदाधिकारी र कर्मचारीहरू, प्रदेश लोक सेवा आयोगका पदाधिकारी र कर्मचारीहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा अनुभवको आदान-प्रदान, सम्पादन गरिएका असल अभ्यासहरू, कार्य सम्पादनमा आइपरेका समस्या र चुनौतीहरूबारे छलफल भएको थियो। कार्यक्रममा आयोगका पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो। सम्मेलनले लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका काम कारवाहीसँग सम्बन्धित घोषणापत्र जारी गरेको छ। उक्त घोषणा-पत्र अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

सम्मेलनको निर्णय कार्यान्वयको लागि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनका घोषणापत्र र निर्णय गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अवगत गराइएको थियो। प्रदेश सरकारवाट गण्डकी प्रदेश निजामती सेवा ऐन तथा नियमावली र स्थानीय सेवा ऐन तथा नियमावली जारी भई कार्यान्वयनमा ल्याइएको छ। लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी राष्ट्रिय सम्मेलनमा गठित समितिले प्रदेश लोक सेवा आयोगको सङ्गठन संरचना र शाखागत कार्यविवरणमा एकरूपता ल्याउन गहन छलफल गरी प्रारम्भिक खाका तयार भएको छ। उपयुक्त उमेदवार छनौटका लागि पाठ्यक्रममा समयसापेक्ष परिमार्जन गरी नवीनतम् प्रविधि समावेश गर्दै लगिएको छ। लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबिच असल अभ्यास र सम्पादित कार्यहरूको अनुभव आदनप्रदान गर्ने कार्यले निरन्तरता पाएको छ। प्रदेश लोक सेवा आयोगहरूबिच अनुभव आदान प्रदान र कार्य प्रकृयामा एक रूपता ल्याउन गरिने अन्तर प्रदेश लोक सेवा आयोगको तेस्रो सम्मेलन जनकपुरमा हुने भनिएकोमा विविध कारणवश स्थगित भएको थियो। लोक सेवा आयोगले प्रतिपादन गरेका सिद्धान्त र मापदण्डहरू पालना गर्ने नीति अनुरूप नियमावली र निर्देशिका निर्माण भइरहेको अवस्था छ।

### १०.७ सिफारिस भएका उमेदवारहरूको अभिमुखीकरण

आयोगको आफ्नै व्यवस्थापनमा प्रदेश र स्थानीय तहमा चौथो र पाँचौ तहका विभिन्न पदहरूमा सिफारिस भएका एक सय ९२ जना उमेदवारहरूलाई एक दिवसीय सेवा प्रवेश अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। अभिमुखीकरण कार्यक्रममा आयोगका पदाधिकारी, सचिव लगायत कर्मचारीहरूको सहभागिता रहेको थियो। अभिमुखीकरण कार्यक्रममा आयोगको भूमिका, कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता, सिफारिस भएका उमेदवारहरूले नियुक्ति लिएपछि सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी लगायतका विषयहरूमा अभिमुखीकरण गरिएको थियो।

### १०.८ प्रगति समीक्षा कार्यक्रम

आयोगले प्रतिवेदन अवधिमा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रगति समीक्षा मिति २०८० साल असार २९ गते सम्पन्न गरेको थियो। वार्षिक रूपमा सम्पादित कार्यक्रमहरूको समीक्षा गरी त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी वर्षको कार्य सम्पादनमा प्रभावकारिता ल्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा आयोगका पदाधिकारीहरूको उपस्थितिमा शाखा र महाशाखागत प्रगति विवरणको प्रस्तुतिका अतिरिक्त कर्मचारी उत्प्रेरणा, क्षमता विकास, कर्मचारीको निष्ठा र सदाचारिता अभिवृद्धिबारे छलफल गरिएको

थियो ।

### १०.९ अन्तरक्रिया, अभिमुखीकरण र निरीक्षण कार्यक्रम

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ बमोजिम तनहुँ, गोरखा, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), मनाङ, म्याग्दी र स्याङ्जा जिल्लाका प्रदेश स्तरका कार्यालय र स्थानीय तहमा अवलोकन गरियो । उक्त अवसरमा जिल्ला सदरमुकाममा कार्यक्रम गरी स्थानीय तहहरूका प्रमुख र उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, स्थानीय तहहरूका प्रमुख प्रशासकीय अधिकृत, प्रदेश स्तरका जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुखहरूको सहभागितामा प्रदेश तथा स्थानीय तहमा पदपूर्ति सम्वन्धी कानुनी तथा व्यवहारिक पक्षहरूमा अन्तरक्रिया कार्यक्रम गरी छलफल तथा विचार विमर्श गरियो ।

त्यसैगरी प्रदेश भित्रका विभिन्न सरकारी तथा सामुदायिक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी र शिक्षकहरूमा सरकारी सेवाप्रति आकर्षण अभिवृद्धि सम्बन्धमा लोक सेवा आयोगको परीक्षा प्रणाली र भर्नासम्वन्धी विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा सहभागीहरूले सरकारी कार्यालयहरूका सेवा प्रवाह, सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व, सरकारी सेवाका आकर्षक तत्त्वहरूका साथै लोक सेवा आयोगको परीक्षा प्रणालीका विविध पक्षहरूमा जिज्ञासा राखेका थिए ।

तालिका नं. ५५

निरीक्षण गरिएका स्थानीय तहहरू

| क्र.स. | स्थानीय तहको नाम | जिल्ला | निरीक्षण गरिएको आ.व. | कैफियत |
|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिका | कास्की | २०७८/०७९ | |
| २. | बाग्लुङ नगरपालिका | बाग्लुङ | २०७८/०७९ | |
| ३. | पुतलीबजार नगरपालिका | स्याङ्जा | २०७८/०७९ | |
| ४. | व्यास नगरपालिका | तनहुँ | २०७८/०७९ | |
| ५. | पोखरा महानगरपालिका | कास्की | २०७९/०८० | |

तालिका नं. ५६

अन्तरक्रिया तथा अभिमुखीकरण गरिएका जिल्लाहरू

| क्र.स. | जिल्ला | अन्तरक्रिया गरिएको आ.व. | कैफियत |
|---|---|---|---|
| १. | तनहुँ | २०७८/०७९ | |
| २. | गोरखा | २०७८/०७९ | |
| ३. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | २०७९/०८० | |
| ४. | मनाङ | २०७९/०८० | |
| ५. | म्याग्दी | २०७९/०८० | |
| ६. | स्याङ्जा | २०७९/०८० | |

## १०.१० दोस्रो वार्षिकोत्सव

माननीय प्रदेश प्रमुख पृथ्वीमान गुरुङको प्रमुख आतिथ्यमा माननीय मुख्यमन्त्री खगराज अधिकारी, माननीय सभामुख नेत्रनाथ अधिकारी, प्रदेश सभामा प्रतिपक्षी दलका नेता माननीय सुरेन्द्रराज पाण्डे र लोक सेवा आयोगका पूर्व अध्यक्ष तीर्थमान शाक्यको उपस्थितिमा २०७९ साल चैत्र ११ गते आयोगको दोस्रो वार्षिकोत्सव समारोह सम्पन्न भएको छ। उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सरकारका सचिवहरू, प्रदेश सरकार अन्तर्गतका सङ्गठित संस्थाका प्रमुखहरू, गण्डकी प्रदेशस्तरका सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा लोक सेवा आयोग पूर्व अध्यक्ष तीर्थमान शाक्य एवम् पूर्व सदस्य गणेशमान गुरुङ (हाल कूलपति गण्डकी विश्वविद्यालय)ले सङ्घीय शासन प्रणालीमा लोक सेवा आयोगको भूमिका र यसका चुनौतीहरू सम्वन्धमा प्रकाश पार्नुभएको थियो, साथै आयोगका उपलब्धि, समस्या र चुनौतीहरू विषयमा छलफल गरिएको थियो। कार्यक्रममा दोस्रो वार्षिकोत्सव स्मारिका, २०७९ को विमोचन प्रमुख अतिथि माननीय प्रदेश प्रमुखबाट भएको र स्मारिकामा आयोगले हासिल गरेका उपलब्धि, आयोगको कार्य प्रगति र सार्वजनिक प्रशासन सम्बन्धी लेख रचना समावेश गरिएको छ। साथै अतिथिबाट आयोगका एकजना कर्मचारीलाई प्रोत्साहन स्वरूप प्रसंशा-पत्र प्रदान गरिएको थियो।

परिच्छेद एघार

# ध्यानाकर्षण, सुझाव र भावी योजना

आयोगले कार्यसम्पादनका क्रममा अनुभूत गरेका निम्न विषयहरूमा ध्यानाकर्षण र सुझाव प्रस्तुत गरिएको छ ।

## ११.१ ध्यानाकर्षण

क) सङ्घीय निजामती सेवा ऐनको मस्यौदा तयार गरी सङ्घीय संसदमा प्रस्तुत गरिने क्रममा छ । समाचारमा आए अनुसार प्रदेशको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सङ्घीय निजामती सेवाबाट खटाउन प्रस्ताव गरिएको बुझिन्छ । प्रदेशका साथै स्थानीय तहको निजामती तथा सरकारी सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन (नियुक्ति, सरुवा, बढुवा आदि कार्य) समेत प्रदेश कानुनबमोजिम हुने संवैधानिक व्यवस्थाबमोजिम प्रदेश र स्थानीय तहको कर्मचारी सेवा, शर्तसम्बन्धी कानुन जारी भई कार्यान्वयनमा आइसकेको अवस्था छ । सङ्घीय निजामती सेवाबाट आवधिकरूपमा खटिइ आउने प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतबाट संविधानको भावना र मर्म अनुरूप प्रदेश र स्थानीय तहको नीति कार्यक्रम निर्माण र कार्यान्वयन गर्न सहज हुँदैन । यसले अन्ततः सङ्घीयता कार्यान्वयनमा नै प्रभावित हुने देखिन्छ ।

ख) संघ, प्रदेश र स्थानीय सेवामा कार्यरत कर्मचारी तोकिएको प्रकृयाद्वारा चाहेको तहको सेवामा जान सक्ने अवसर सृजना गर्न सकिएमा कर्मचारीमा एक-अर्को तहको अनुभवको उपयोग, वृत्ति विकासको दायरा फराकिलो, अन्तर तहका निजामती प्रशासनबीच सद्भाव अभिवृद्धि र समग्र राष्ट्र निर्माणमा सहयोग पुग्न गई संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सह-अस्तित्व कायम गराउन समेत सघाउ पुग्ने देखिन्छ ।

ग) प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयन गर्न नियमावली जारी गर्ने र ऐनमा उल्लिखित प्रावधानका सम्बन्धमा द्विविधा भएमा व्याख्या गर्ने अधिकार आयोगलाई नै हुनुपर्ने विषय अघिल्ला प्रतिवेदनमा औंल्याइएकोमा गण्डकी प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ मा परिमार्जन गरी नियमावली जारी गर्ने अधिकार आयोगलाई प्राप्त भई गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० जारी भइसकेको अवस्था छ । अझै पनि उक्त ऐनको दफा ५९ मा रहेको ऐनको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा ऐनको भावना अनुकुल व्याख्या गर्ने अधिकार प्रदेश सरकारमा नै रहेको छ । यो प्रावधान आयोगको स्वायत्तता र स्वतन्त्रता अनुकुल देखिँदैन ।

घ) गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा भएको व्यवस्था विपरित प्रदेश निजामती सेवा र स्थानीय सेवाका पदमा करार सेवाबाट कर्मचारी भर्ना गरी कार्यसम्पादन गर्ने प्रवृत्ति रहेको देखिन्छ । यसबाट योग्यता प्रणालीको संरक्षण एवं राज्यका निकायहरूमा नागरिकको समावेशी सहभागिता सुनिश्चित गर्ने संबैधानिक एवं कानुनी व्यवस्था परिपालना हुने देखिँदैन ।

ङ) प्रदेश र स्थानीय तहमा आयोगबाट सिफारिस भै नियुक्ति भएका कर्मचारीहरूको वैयक्तिक विवरण (सिटरोल) पनि दर्ता भैनसकेको, परीक्षणकाल समेत व्यतित नभएको अवस्थामा सहमति दिने तथा सङ्घीय

मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरिदिने गरेको बुझिन्छ ।यसबाट एकातिर कार्यालयहरूमा कर्मचारीको कमी भै सेवा प्रवाहमा असर परेको छ भने अर्कोतिर सिटरोल दर्ता नहुँदा ती कर्मचारीहरूको अभिलेख व्यवस्थापनमा समेत असर पर्ने देखिन्छ ।

च) आयोगको आफ्नै जग्गा तथा भवन नभएकोले भाडाको घरमा कार्यालय सञ्चालन गर्नुपर्दा कार्यसम्पादनमा असहज महसुस भएको छ ।

### ११.२ सुझाव

क) सङ्घीय संसदमा प्रस्तुत हुन गइरहेको सङ्घीय निजामती सेवा ऐनमा संविधानको भावना र मर्म अनुरूप प्रदेशको प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सङ्घीय निजामती सेवाबाट पठाउने व्यवस्था नराखी गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाबाट प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था कार्यान्वयनको लागि सम्वन्धित सरोकारवालाहरूबाट सजगता अपनाउनुपर्ने देखिन्छ। साथै सङ्घ, प्रदेश र स्थानीय सेवामा कार्यरत कर्मचारी तोकिएको प्रकृयाद्वारा चाहेको तहको सेवामा जानसक्ने अवसर प्रदान गर्ने गरी व्यवस्था हुन पहल हुनुपर्ने देखिन्छ ।

ख) आयोगको स्वायत्तता र स्वतन्त्रतालाई ध्यानमा राखी गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५९ मा रहेको बाधा अड्काउ परेमा ऐनको व्याख्या गर्ने अधिकार आयोगमा रहने व्यवस्था गरी संशोधन हुनुपर्ने देखिन्छ ।

ग) योग्यता प्रणालीको संरक्षण एवं समावेशी सहभागिता सुनिश्चत गर्दै योग्य र सक्षम प्रतिभालाई सार्वजनिक प्रशासनमा भित्र्याउन प्रदेश निजामती सेवा र स्थानीय सेवामा प्रचलित कानुन बमोजिम रिक्त पदमा समयमा नै आयोगमा माग पठाई पदपूर्ति गर्नेतर्फ लागी करारमा कर्मचारी भर्ना गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ । साथै, गण्डकी प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्बन्धी कानुनहरू जारी भई कार्यान्वयनमा आइसकेको सन्दर्भमा प्रदेश र स्थानीय तहले रिक्त पदहरूको माग समय मै पठाएको खण्डमा आयोगले यथाशीघ्र पदपूर्ति गर्न सक्ने अवस्था रहेकोले तदानुरूप कामकारबाही अगाडि बढाउनु जरुरी देखिन्छ ।

घ) प्रदेश तथा स्थानीय तहमा नयाँ सिर्जना तथा परिमार्जन भएका पदहरूको पद दर्ता गर्ने तथा आयोगबाट सिफारिस भएका कर्मचारीको सिटरोल दर्ता गर्ने कार्य अगाडि बढाई अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ ।

ङ) आयोगको कार्यसम्पादन गोप्य र संवेदनशील हुने हुँदा आयोगको आफ्नै जग्गा तथा भवन व्यवस्थापन गर्न प्रदेश सरकारबाट पहल हुनुपर्ने देखिन्छ ।

### ११.३ भावी योजना तथा कार्यक्रम

१) रिक्त पदमा बढुवा तथा खुला प्रकृयाबाट पदपूर्ति,

२) सूचना प्रविधिको सुदृढीकरण र उपयोग,

३) कर्मचारीको क्षमता अभिवृद्धि,

४) निरीक्षण तथा अनुगमनमा सकृयता,

५) पाठ्यक्रम र परीक्षण विधि, परीक्षा प्रणालीमा सुधार,

६) अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यमा जोड,

७) परीक्षामा संलग्न हुने जनशक्तिको अभिमुखीकरण,

८) उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूसँग सार्वजनिक सेवाप्रति जागरण अभिवृद्धि,

९) रणनीतिक योजना निर्माण गरी कार्यान्वयन,

१०) भौतिक पूर्वाधार विकास (जग्गा र भवनको व्यवस्थापन समेत) र सुदृढीकरण,

११) प्रदेश लोक सेवा आयोगहरूको सङ्गठनमा एकरूपता हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र

१२) लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबिच असल अभ्यास आदान-प्रदान ।

आयोग उल्लिखित भावी योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दै उपयुक्त उमेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै प्रदेश तथा स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन दृढ सङ्कल्पित छ ।

अनुसूची-१

# प्रदेश लोक सेवा आयोग

### गण्डकी प्रदेश, पोखरा

## आ.व. २०७९/०८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

क. प्रदेश निजामती सेवा तर्फः

| सि. नं. | पद | पदपूर्तिको किसिम | | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| १. | नवौं र एघारौं तहका अप्राविधिक/प्राविधिक पदहरु | खुला, आ.प्र. | | श्रावण | भाद्र दोस्रो बुधबार | कार्तिक/मंसीर | मंसीर/पुस | पुस/माघ |
| | | बढुवा | | | | | | |
| २. | स्वास्थ्य सेवाका आठौं तहका (प्राविधिक) पदहरु | खुला | | भाद्र | आश्विन दोस्रो बुधबार | मंसीर/पुस | माघ/फागुन | फागुन/चैत्र |
| ३. | सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | | भाद्र | आश्विन दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | | |
| | | खुला | प्रथम चरण | | | मंसीर/पुस | पुस/माघ | चैत्र/ बैशाख |
| | | | द्वितीय चरण | | | माघ/फागुन | फागुन/चैत्र | |
| ४. | पाँचौं तहका (प्राविधिक अप्राविधिक) पदहरु | आ.प्र. | | आश्विन | कार्तिक दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | | |
| | | खुला | प्रथम चरण | | | पुस/माघ | माघ/फागुन | जेष्ठ/आषाढ |
| | | | द्वितीय चरण | | | फागुन/चैत्र | चैत्र/बैशाख | |
| ५. | चौथो तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | | कार्तिक | मंसीर दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | | |
| | | खुला | प्रथम चरण | | | माघ/फागुन | चैत्र/बैशाख | आषाढ |
| | | | द्वितीय चरण | | | बैशाख/जेठ | जेष्ठ/आषाढ | |
| ६. | श्रेणी विहिन (वनरक्षक/गेमस्काउट) | खुला | प्रथम चरण | भाद्र | आश्विन दोस्रो बुधबार | कार्तिक/मंसीर | पुस/माघ | फागुन/चैत्र |
| | | | द्वितीय चरण | | | माघ/फागुन | | |

ख. स्थानीय सरकारी सेवा तर्फः

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | नवौं र एघारौं तहका अप्राविधिक/प्राविधिक पदहरु | खुला, आ.प्र. | श्रावण | भाद्र दोस्रो बुधबार | कार्तिक/मंसीर | मंसीर/पुस | पुस/माघ |
| | | बढुवा | | | | | |
| २. | स्वास्थ्य सेवाका आठौं तहका (प्राविधिक) पदहरु | खुला | भाद्र | आश्विन दोस्रो बुधबार | मंसीर/पुस | माघ/फागुन | फागुन/चैत्र |
| ३. | छैटौं/ सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | भाद्र | आश्विन दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | मंसीर/पुस | पुस/माघ | चैत्र/वैशाख |
| | | खुला – द्वितीय चरण | | | माघ/फागुन | फागुन/चैत्र | |
| ४. | पाँचौं तहका (प्राविधिक अप्राविधिक) पदहरु | आ.प्र. | आश्विन | कार्तिक दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | पुस/माघ | माघ/फागुन | आषाढ |
| | | खुला – द्वितीय चरण | | | फागुन/चैत्र | चैत्र/वैशाख | |
| ५. | चौथो तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | कार्तिक | मंसीर दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | माघ/फागुन | फागुन/चैत्र | आषाढ |
| | | खुला – द्वितीय चरण | | | चैत्र/वैशाख | जेष्ठ/आषाढ | |

**ग. प्रदेश संगठित संस्था तर्फः**

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश संगठित संस्थाका सबै सेवा/समूह र तहका पदहरु | सम्बन्धित कानुनमा व्यवस्था भए बमोजिम | आश्विन | मंसीर/पुस | माघ/फागुन | चैत्र/ वैशाख | जेष्ठ/आषाढ |

**द्रष्टव्य**

१. वार्षिक कार्यतालिका लागू हुने मितिः २०७९ श्रावण १ गतेदेखि

२. आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, स्तरवृद्धि र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनबाट हुने पदपूर्ति कर्मचारी सेवा शर्त प्रचलित कानुन बमोजिम हुनेछ।

३. प्रदेश सरकार तथा स्थानीय तहबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुनेछैन।

४. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ।

अनुसूची-२

# प्रदेश लोक सेवा आयोग

**गण्डकी प्रदेश, पोखरा**

**आर्थिक वर्ष २०७९/०८० को पदपूर्ति सम्बन्धी संशोधित वार्षिक कार्यतालिका**

| सि.नं. | तह | पदपूर्तिको किसिम | | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश स्वास्थ्य सेवा र कृषि सेवाका नवौं तहका प्राविधिक पदहरु | बढुवा | | माग संकलन भई प्रतिशत निर्धारण भएका पदहरु | वैशाख दोस्रो बुधबार | | | |
| २. | प्रदेश स्वास्थ्य सेवाका सातौं तहका प्राविधिक पदहरु | बढुवा | | | वैशाख तेस्रो बुधबार | | | |
| | | आ.प्र. | | | | जेठ/आषाढ | श्रावण/भाद्र | भाद्र/आश्विन |
| ३. | प्रदेश निजामती सेवाका पाँचौं तहका प्राविधिक तथा अप्राविधिक पदहरु | बढुवा | | | | | | |
| ४. | प्रदेश निजामती सेवा, प्रशासन सेवाका चौथो तहका पदहरु | आ.प्र. | | | | जेठ/आषाढ | श्रावण/भाद्र | भाद्र/आश्विन |
| ५. | प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक | खुला | प्रथम चरण | माग संकलन भई सकेको | वैशाख पहिलो बुधबार | जेठ/आषाढ | श्रावण/भाद्र | भाद्र/आश्विन |
| | | | द्वितीय चरण | | | आषाढ | | |

**द्रष्टव्य**

१. कार्यतालिका लागू हुने मितिः २०८० वैशाख १ गतेदेखि।

२. २०७९ श्रावण १ गते प्रकाशित वार्षिक कार्यतालिका बमोजिम विशेष कारणले हुन नसकेका विज्ञापनहरु मध्ये बाँकी पदहरु आगामी आ.ब.मा प्रकाशन हुने वार्षिक कार्यतालिकामा समावेश हुनेछन्।

अनुसूची-३

# लोक सेवा आयोग

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

## लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन

२०७९ फागुन १९ र २० गते, धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

### घोषणापत्र

हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू:

योग्यता, निष्पक्षता, स्वच्छता र विश्वसनीयताको मूल मर्मप्रति सम्मान व्यक्त गर्दै,

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै,

भर्ना र छनौट पद्धतिमा विद्यमान सिद्धान्त, मापदण्ड र मूल्य मान्यतालाई अक्षुण्ण राखी समयानुकूल सुधार गर्दै,

निम्न प्रतिबद्धताहरू गर्दछौं:

सार्वजनिक प्रशासनमा समयानुकूल सुधार गर्न आयोगको परीक्षा प्रणालीमा नवीनतम प्रविधिलाई आवश्यकतानुसार अवलम्बन एवम् उपयोग गर्दै जानेछौं।

नेपालको संविधान र कानूनको मर्म एवम् भावना अनुसार समावेशी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

कर्मचारीको वृत्ति विकासको सुनिश्चितता, व्यवस्थापन र सार्वजनिक प्रशासनमा रहेको अन्यौलता अन्त्य गर्न यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन जारी गर्न नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्नेछौं।

सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी, मर्यादित र व्यवस्थित बनाउन निरन्तर क्रियाशील रहनेछौं।

लोक सेवा आयोगहरूलाई योग्यता प्रणालीको उत्कृष्ट केन्द्रको रूपमा कायम राख्न प्रतिबद्ध रहनेछौं।

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबीच निरन्तर समन्वय र सहयोगको वातावरण कायम राख्नेछौं।

### निर्णयहरू

१. लोक सेवा आयोगका संस्थागत मूल्यहरू योग्यता, निष्पक्षता, स्वच्छताको मूल मर्म अनुसार गोपनीयता एवम् विश्वसनीयता सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नका लागि प्रदेश लोक सेवा आयोगहरूको साङ्गठनिक संरचना र शाखागत कार्यविभाजनमा एकरूपता कायम गर्न लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन गर्ने,

२. नेपाल सरकारबाट मिति २०७९ वैशाख १६ गते निर्णय भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको पदीय मर्यादाक्रम सम्बन्धी प्रचलित कानूनी व्यवस्था, नियुक्ति र पदबहालीको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने,

३. सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरूको सेवा प्रवेश, वृत्तिविकास लगायत तीन ओटै तहका कर्मचारीहरूका सेवा, शर्त, सुविधाका आधारभूत पक्षमा एकरूपता ल्याउन सङ्घीय निजामती सेवामा समावेश गर्नुपर्ने विषयमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गर्ने,

४. सङ्घ, प्रदेश तथा स्थानीय तहको पदपूर्ति प्रक्रियामा रहेको अन्यौल हटाउन सङ्घीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्नका लागि लोक सेवा आयोगले नेपाल सरकारलाई अनुरोध गर्ने,

५. प्रदेश लोक सेवा आयोगहरूले पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरूमा एकरूपता ल्याउन लोक सेवा आयोगले प्रतिपादन गरेका सिद्धान्त र मापदण्डहरू सङ्कलन गर्ने गराउन लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहजीकरण गर्ने,

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनमा हासिल भएका असल अभ्यासहरू एक आपसमा आदानप्रदान गर्ने,

७. लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाको आधारमा प्रदेश लोक सेवा आयोगहरूका पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकामा सामान्यतया एकरूपता कायम गर्न आवश्यक पहल गर्ने,

८. उपयुक्त उम्मेदवार छनौटका लागि प्रयोगमा ल्याउन सकिने नवीनतम परीक्षण विधिको विकास एवम् प्रयोगका लागि लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहयोग एवम् सहजीकरण गर्ने,

९. लोक सेवा आयोगहरूको आगामी राष्ट्रिय सम्मेलन वि.सं. २०८० फागुन २३ र २४ गते आयोजना गर्ने,

१०. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधव प्रसाद रेग्मीको अध्यक्षतामा तेस्रो राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न गरेको सहयोगको लागि प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश लगायत सम्पूर्ण कार्यमा सहयोग गर्ने सबै प्रदेश लोक सेवा आयोगहरू र सबै राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्ने।

| [illegible] | [illegible] | डा. [illegible] | [illegible] | [illegible] | डा. [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | [illegible] | अध्यक्ष | अध्यक्ष |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

इति सम्वत् २०७९ साल फागुन २० गते रोज ७ शुभम्।

अनुसूची-४

# आयोगका गतिविधिका तस्विरहरू



आयोगको दोस्रो वार्षिक प्रतिवेदन बुझ्दै माननीय प्रदेश प्रमुख



दोस्रो वार्षिक प्रतिवेदन बुझाएपछि आयोगका पदाधिकारी र कर्मचारी माननीय प्रदेश प्रमुखसँग




आयोगको दोस्रो वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि माननीय प्रदेश प्रमुख सहित विशिष्ठ अतिथिहरू



आयोगको स्मारिका विमोचन गर्नुहुँदै माननीय प्रदेश प्रमुख



दोस्रो वार्षिकोत्सवपछि लोक सेवा आयोगका पूर्व अध्यक्ष र सदस्यहरूसँग आयोगका पदाधिकारी र कर्मचारीहरू



दोस्रो वार्षिकोत्सव समारोहका सहभागीहरू



लोक सेवा आयोगहरुको तेस्रो राष्ट्रिय सम्मेलनमा सबै आयोगका सहभागी पदाधिकारीहरु र कर्मचारीहरु



लोक सेवा आयोगहरुको तेस्रो राष्ट्रिय सम्मेलनमा आयोगका पदाधिकारीहरु



वन रक्षक पदको शारीरिक परीक्षणको अवलोकन गर्दै माननीय मुख्यमन्त्री



वन रक्षक पदको ३००० मीटरको दौडको तयारीमा रहेका महिला उमेदवारलाई निर्देशन गरिँदै



तनहुँ जिल्लाका स्थानीय तहका पदाधिकारी र प्रदेश कार्यालयका कर्मचारीसँगको अन्तरक्रिया कार्यक्रम



गोरखा जिल्लाका स्थानीय तहका पदाधिकारी र प्रदेश कार्यालयका कर्मचारीसँगको अन्तरक्रिया कार्यक्रम



म्याग्दी जिल्लाका स्थानीय तहका पदाधिकारी र प्रदेश कार्यालयका कर्मचारीसँगको सामुहिक तस्विर



स्याङ्जा जिल्लाका स्थानीय तहका पदाधिकारी र प्रदेश कार्यालयका कर्मचारीसँगको अन्तरक्रिया कार्यक्रम



मनाङ जिल्लाका स्थानीय तहका पदाधिकारी र प्रदेश कार्यालयका कर्मचारीसँगको अन्तरक्रिया कार्यक्रम



नवलपुर जिल्लाका स्थानीय तहका पदाधिकारी र प्रदेश कार्यालयका कर्मचारीसँगको अन्तरक्रिया कार्यक्रम




तनहुँ जिल्ला आदिकवि भानुभक्त बहुमुखी क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रमपश्चात् सहभागीसँगको सामुहिक तस्विर




तनहुँको भिमाद स्थित जनज्योती क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रम पश्चात सहभागीसँगको सामूहिक तस्विर



गोरखा बहुमुखी क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रम



म्याग्दी बहुमुखी क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रम




म्याग्दी बहुमुखी क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रमपश्चात् सहभागीहरूसँगको सामूहिक तस्विर



स्याङ्‌जा जिल्ला स्थित त्रिभुवन बहुमुखी क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रमपश्चात् सहभागीहरूसँगको सामूहिक तस्विर



आयोगबाट सिफारिस भएका उमेदवारलाई अभिमुखीकरण गरिँदै



आयोगका सचिव तथा उप-सचिवको अवकाश सहितको बिदाई

# गण्डकी प्रदेश




Tel : +977 61 467873
Email: gandakipsc2076@gmail.com
Website: ppsc.gandaki.gov.np